का.जि.प्र.का.द.नं. १००/०५९/६०

१९ चैत २०८१,
मंगलबार
1 April, 2025
Tuesday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २३, अंक ५८ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

## ज्ञानेन्द्रलाई कारबाही गर्ने हुँकार
# छैन ठोस सबुत र आधार



*संसद्बाट नेताहरूले घटनाका विषयमा पूर्वराजा शाहको धारणा माग गरे पनि उनी चुप छन् । शाहलाई आन्दोलनपूर्व दुर्गा प्रसाईंले भेटेर आएका थिए...*

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, १८ चैत ।

काठामाडौंको तीनकुने क्षेत्रमा गत १५ चैतमा राजावादीका नाममा भएको हिंसात्मक आन्दोलनमा पूर्वराजा ज्ञानेन्द्र शाहको संलग्नता दाबी गर्दै कारबाही गर्ने दाबी प्रधानमन्त्री केपी शर्मा ओलीले गरेका छन् । तर, कारबाहीका लागि आवश्यक ठोस आधार भने भेटेका छैनन् ।

तीनकुने घटनाका विषयमा सार्वजनिक रूपमा आजसम्म कुनै प्रतिक्रिया नदिएका शाहले भित्री रूपमा सहयोग गरेका कारण यो अवस्था आएको प्रधानमन्त्री ओलीलगायत गणतन्त्रवादी दलहरूको आरोप छ ।

प्रधानमन्त्री केपी शर्मा ओलीले गणतन्त्रप्राप्तिपछि सरकारले पूर्वराष्ट्रप्रमुखको हैसियतमा दिइँदै आएको सम्मानको सम्झौतासमेत पूर्वराजा शाहले भंग गरेको आरोप लगाए । १५ चैतमा काठमाडौंको तीनकुनेमा भएको घटनाको सबै जिम्मेवारी पूर्वराजा शाहले लिनुपर्ने भन्दै ओलीले शाहलाई दोषी करार गरेका छन् ।

तर, प्रधानमन्त्री ओली र गणतन्त्रवादी नेताहरूले भनेझैं पूर्वराजालाई कारबाही गर्ने कुनै विश्वासिलो सबुत र आधार भने देखिएको छैन । शाहले तीनकुने घटनाका विषयमा आजसम्म कुनै प्रतिक्रियासमेत दिएका छैनन् ।

संसद्बाट नेताहरूले उक्त घटनाका विषयमा पूर्वराजा शाहको धारणा माग गरे पनि उनी चुप छन् । आन्दोलनपूर्व दुर्गा प्रसाईंले भेटेर आएका थिए । त्यसबाहेक देखिनेगरी उनको कुनै संलग्नता नभएकाले पूर्वराजालाई कारबाही गर्ने विषय दलहरूका लागि चुनौती रहेको कानुनका जानकारहरू बताउँछन् ।

'तीनकुने घटनामा पूर्वराजा शाहको अप्रत्यक्ष संलग्नताले यो स्थिति आएको दलहरूको दाबी छ । तर, ठोस आधार नभेटेकाले शाहलाई नेताहरूले भनेजस्तो कानुनी उपचार खोज्ने कुरा चुनौतीपूर्ण छ', अधिवक्ता कीर्तिनाथ शर्मा पौडेलले भने ।

**गणतन्त्रवादी र राप्रपाबीच हंगामा**

यो विषयलाई लिएर सोमबार प्रतिनिधिसभामा गणतन्त्रवादी र राप्रपाबीच हंगामा भएको छ । प्रधानमन्त्री ओलीले सम्बोधन गर्दै गर्दा राप्रपाका प्रमुख सचेतक ज्ञानबहादुर शाहीले नियामापत्ति जनाउँदै अवरोध गर्न खोजेपछि संसद्मा केहीबेर नोकझोक चलेको थियो ।

प्रधानमन्त्री केपी शर्मा ओलीले पछिल्लो राजनीतिक घटनाक्रमलाई लिएर पूर्वराजा ज्ञानेन्द्र शाहलाई कारबाही गर्नेदेखि राजाको एजेन्डा बोकेर हिँडेको राप्रपालाई नैतिकताको पाठ सिकाएपछि राप्रपाका सांसदहरूले आसनबाट उठेर सदन अवरोध गरेका थिए ।

सम्बोधका क्रममा प्रधानमन्त्री ओलीले संविधानको शपथ लिएर आउने अनि संविधान मास्ने क्रियाकलाप गर्न नपाइने बताए । 'संविधानको शपथ लिएर आउने अनि संविधान मास्ने क्रियाकलाप शपथविपरीतको कुरा हो, नैतिकताविपरीतको कुरा हो', उनले भने, 'संविधानअनुसार देश, जनता र ईश्वरका नाममा शपथ लिएर त्यही शपथविपरीत चल्न कसैले मिल्दैन । त्यसैले, हामी एउटा थिति र मर्यादामा बसौं ।'

वर्तमान संविधान, व्यवस्था र संसद्ले बनाएको नियामावलीको विरुद्धमा लागेर राप्रपाले नैतिकता गुमाएको प्रधानमन्त्री ओलीको आरोप छ । तीनकुनेमा गत शुक्रबार भएको राजावादी समूहको आन्दोलन हिंस्रक हुनुमा पूर्वराजा शाहको समेत संलग्नता भएको दाबी गर्दै उनले पूर्वराजा शाहले उन्मुक्ति नपाउने बताए ।

ओलीले भने, 'पूर्वराजा ज्ञानेन्द्र शाहले गत फागुन ७ गते सार्वजनिक भिडियो वक्तव्य जारी गर्दै भीड उक्साउने काम गरे । पूर्वराजा शाहले पनि उन्मुक्ति पाउनु हुन्न । फेरि राजा बन्छु, व्यवस्था मास्छु भन्नेले यी सबै शृंखलावद्ध >>> पृष्ठ २ मा

## राස्वपा र राप्रपाको एकै स्वर
# तीनकुने घटनाबारे छानबिन

*१५ चैतमा काठमाडौंको तीनकुनेमा उच्छृङ्खल गतिविधि हुनुमा सरकारलाई समेत उत्तिकै जिम्मेवार रहेको साझा बुझाइमा रास्वपा र राप्रपा छन्*







तीनकुनेको त्यो अराजकता र उद्दण्डताको हामी विरोध जनाउँछौं तर यसमा कुनै एउटा पक्ष मात्र जिम्मेवार छैनन्

■ **मनीष झा**
**सांसद, राष्ट्रिय स्वतन्त्र पार्टी**

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १८ चैत ।

तीनकुनेमा भएको प्रदर्शनका क्रममा घटित घटनाबारे उच्चस्तरीय न्यायिक छानबिन आयोग गठनको माग उठेको छ । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) यस्तो मागमा एक मत देखिएका छन् ।

गत शुक्रबार तीनकुनेमा भएको प्रदर्शनका क्रममा हिंस्रक र उच्छृङ्खल गतिविधि भएका थिए । ती घटनाबारे उच्चस्तरीय न्यायिक छानबिन आयोग गठन गरिनुपर्ने माग उनीहरूको छ ।

१५ चैतमा राजावादीले तीनकुनेमा प्रदर्शन गरेका थिए । राजावादीले काठमाडौंको तीनकुनेमा गरेको प्रदर्शन हिंसात्मक भएको थियो । तर, प्रदर्शन नसकिँदै प्रदर्शन स्थल छाडेर उनीहरूले आसपासका निजी घरहरूमा क्षति पुऱ्याएका थिए । निजी घरमा लगाइएको आगोमा जलेर एक पत्रकारको मृत्यु भयो । गोली लागेर अर्को एक प्रदर्शनकारीको मृत्यु भएको थियो ।

राजावादीहरूले नेकपा (एकीकृत समाजवादी)को पार्टी कार्यालयमा आगजानी गरे । नेकपा (माओवादी केन्द्र)को पार्टी कार्यालयमा >>> पृष्ठ २ मा

# ६६ वर्षमा पहिलो उच्चस्तरीय थाइल्यान्ड भ्रमण
## ८ समझदारीमा हस्ताक्षर हुने

**निमिष झा/मध्यान्ह**
काठमाडौं, १८ चैत ।

नेपाल र थाइल्यान्डबीच कूटनीतिक सम्बन्ध स्थापना भएपछि प्रधानमन्त्रीस्तरबाट थाइल्यान्डको पहिलो औपचारिक भ्रमण हुन लागेको छ ।

प्रधानमन्त्री केपी शर्मा ओली मंगलबार थाइल्यान्डको ४ दिने औपचारिक भ्रमणमा जाँदै छन् । यसका साथै प्रधानमन्त्री ओलीले बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बंगालको खाडीको प्रयास (बिमस्टेक)को छैटौं शिखर सम्मेलनमा पनि सहभागिता जनाउने छन् । बिमस्टेक सम्मेलन २० र २१ चैत अर्थात २ र ३ अप्रिलमा बैंककमा हुँदै छ ।

प्रधानमन्त्री ओलीले समकक्षी फेथोङथान सिनावात (पैटोङ्टार्न सिनावात्रा)को मैत्रीपूर्ण निमन्त्रणामा औपचारिक भ्रमण गर्न लागेका हुन् ।

नेपाल र थाइल्यान्डबीच सन् १९५९ मा कूटनीतिक सम्बन्ध स्थापना भएको हो । त्यसयता २ देशबीच उच्चस्तरीय भ्रमण भएको छैन । कूटनीतिक सम्बन्ध स्थापना भएको ६६ वर्षपछि प्रधानमन्त्रीस्तरबाट थाइल्यान्डको पहिलो औपचारिक भ्रमण हुन लागेको हो ।

*थाइल्यान्ड हुने बिमस्टेक सम्मेलनमा भारतका प्रधानमन्त्री नरेन्द्र मोदी पनि सहभागी हुँदै छन् । बैंककस्थित नेपाली दूतावासले ओली–मोदीबीच साइडलाइन भेटवार्ताका लागि पहल गरिरहेको छ*

त्यसअघि सन् १९८० मा तत्कालीन राजा वीरेन्द्रले थाइल्यान्डको औपचारिक भ्रमण गरेका थिए । यसअघि सन् २०१८ अगस्टमा भएको बिमस्टेकको चौथो शिखर सम्मेलनमा थाइल्यान्डका तत्कालीन प्रधानमन्त्री प्रायुत च्यान ओचा काठमाडौं आएका थिए तर उनको भ्रमण औपचारिक भने थिएन ।

थाइल्यान्ड भ्रमणको पूर्वसन्ध्यामा प्रधानमन्त्री ओलीले आफ्नो भ्रमणका विषयमा संसद्लाई जानकारी गराएका छन् भने आइतबार पूर्वप्रधानमन्त्री र पूर्वपरराष्ट्रमन्त्रीहरूसँग छलफल गरेका छन् । >>> पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## नेपाल वैदेशिक रोजगार व्यवसायी संघ निर्वाचन
# एसोसिएसन र गणतान्त्रिक मञ्चको अभियान तीव्र

**मध्यान्ह संवाददाता**
काठमाडौं, १८ चैत ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघको आगामी निर्वाचनका लागि नेपाल वैदेशिक रोजगार व्यवसायी एसोसिएसन र वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चले चुनावी अभियानलाई तीव्र बनाएका छन् ।

सो प्यानलले संघका पूर्वअध्यक्ष तिलकबहादुर रानाभाट संयोजक र गणतान्त्रिक मञ्चका अध्यक्ष धनलाल जैशी सहसंयोजक रहेको निर्वाचन परिचालन मूल समारोह समिति र विभिन्न ८ उपसमिति गठन गरेको छ ।

निर्वाचन परिचालन मूल समारोह समितिमा रानाभाट र जैशीसहित एसोसिएसनका पूर्वअध्यक्षहरू यमबहादुर केसी, किरणकिशोर घिमिरे, बिमलप्रसाद ढकाल, प्रज्ञान न्यौपाने, हंशराज वाग्ले, कुमुद खनाल, संघका पूर्वअध्यक्ष बलबहादुर तामाङ, एसोसिएसनका पूर्व कार्यबाहक अध्यक्ष ऋषिप्रसाद शर्मा, गणतान्त्रिक मञ्चका उपाध्यक्ष ज्ञानबहादुर तामाङ, परमेश्वर अधिकारी, ओम न्यौपाने, वरिष्ठ व्यवसायी नवराज केसीलगायत १०० सदस्य छन् । समितिले निर्वाचन परिचालन गर्ने छ ।

त्यस्तै, पूर्वअध्यक्ष किरणकिशोर घिमिरेको संयोजकत्वमा चुनाव प्रचारप्रसार समिति गठन गरिएको छ । उक्त समितिका सहसंयोजक वासु पुडासैनी र सदस्यहरूमा रामप्रसाद गैरे, प्रतिमा महर्जन, शंकरप्रसाद आचार्य, मचिन्द्रनाथ शेर्मा, अमरप्रकाश तिवारी, पंकज कोइराला, विवश ढुंगाना (दीपक), देवीप्रसाद काफ्ले, नरेश पुन, उद्धवप्रसाद सापकोटा, केदारनाथ अधिकारीसहित १५१ जनालाई सदस्य राखिएको छ ।

एसोसिएसनका अध्यक्ष दीपक थापा आर्थिक समिति संयोजक >>> पृष्ठ २ मा

## ३ पूर्वअध्यक्षको असहमति

**काठमाडौं/मस–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघको आगामी निर्वाचनका लागि नेपाल वैदेशिक रोजगार व्यवसायी एसोसिएसन र वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चले चुनावी अभियानलाई अघि बढाउन गठन गरिएको निर्वाचन परिचालन मूल समारोह समितिमा सहमतिविपरीत नाम राखिएको भन्दै एसोसिएसनका ३ पूर्वअध्यक्षले असहमति जनाएका छन् ।

पूर्वअध्यक्षहरू बिमलप्रसाद ढकाल, प्रज्ञान >>> पृष्ठ २ मा

## कतारमा १८ जना नेपालीको कैद माफ

**काठमाडौं/मस–** कतारले विभिन्न कसुरमा सजाय भुक्तान गरिरहेका १८ जना नेपालीको कैद माफ गरेको छ ।

रमजान र इदको अवसरमा १८ जना नेपाली कैदीहरूलाई कतारका अमिर तमिम बिन अलथानीले आममाफी दिएको परराष्ट्र मन्त्रालयले जनाएको छ । परराष्ट्र मन्त्रालयले १८ जना नेपालीलाई आममाफी प्रदान गरेकामा कतार सरकारप्रति आभार व्यक्त गरेको छ ।

नेपाल सरकारको अनुरोधपछि दोहा, कतारस्थित नेपाली राजदूतावासमार्फत पहल भएपछि आममाफीको निर्णय लिइएको परराष्ट्र मन्त्रालयले जनाएको छ ।

१८ नेपालीलाई आममाफी दिने कतारको निर्णपछि विज्ञप्ति जारी गर्दै परराष्ट्र मन्त्रालयले 'नेपाल र कतार राज्यबीचको द्विपक्षीय सम्बन्धमा सौहार्दताको प्रतीकको रूपमा मानवीय आधारमा क्षमादानको कार्यलाई मन्त्रालयले उच्च मूल्यांकन गरेको' उल्लेख गरेको छ । >>> पृष्ठ २ मा

**UAE को Royal Guard मा EX-ARMY /APF हरूका लागि रोजगारको अवसर**

FOCUS Security Services

**Company : Focus Security Services L.L.C**

पूर्व स्वीकृति मिति: २०८१/१२/४ चलानी नं. ६०२३४६६२ LT No.: 320456

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | AED | ने.रू. | | | | | | | |
| १. | Security Guard | 85 | 12 | काममा दक्ष | 2000 | ७५,७००/- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

Requirements : ◆Height : Minimum 170 CM., ◆Experience more than 10 to 15 years in Army/APF ◆Training Course ◆Less than 3 to 4 years retired from the job ◆Age 40 Years ◆Looking Physically Fit & Fine with no Belly Fat

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,३०८/- कामदार आफैले | रु. १,५००/- कामदार आफैले | रु. ७,००/- कामदार आफैले | नि:शुल्क |

अन्तरवार्ता २०८१ चैत्र २६ गते (8 April, 2025) यस प्रा. लि.को कार्यालय, बालुवाटार, काठमाडौंमा र २०८१ चैत्र २७ गते (9 April, 2025) शाखा कार्यालय सभागृह चोक, पोखरामा हुनेछ ।

**Continental HRD Consultants Pvt. Ltd.**
Gov.Lic.no.: 983/067/068
Baluwatar, Kathmandu Tel.: 01-4545550, 4530003, 4515055, 9813101269 9851016295, Branch Office Damak-05, Jhapa: 023-582306, 9801414626, 9801414610 Branch Office Sabhagrihachowk-8, Pokhara: 061-581724, 581728, 9810143365
E-mail: continentalnepal01@gmail.com | Web: www.continentalhrd.com

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com



**ज्ञानेन्द्रलाई...**

घटनामा आफ्नो धारणा सर्वजनिक गर्नुपर्दैन ?' जुनसुकै आवरणमा पनि हिंस्रक आन्दोलन गर्ने जोसुकैलाई कानुनी दायरामा ल्याइने उनको दाबी छ।

प्रधानमन्त्री ओलीले पूर्वराजाविरुद्ध अभिव्यक्ति दिँदा राप्रपा सांसदहरूले सभामा उठेर विरोध जनाएका थिए। संसद्मा राप्रपाका अध्यक्ष राजेन्द्र लिङ्देनले मिथ्यांकले अहिलेका नागरिकले नमान्ने बताए। 'देशका राजा हटाएर ल्याएको लोकतन्त्र गणतन्त्रका नाममा कुन प्रकारको लुटतन्त्र मच्चाइरहेको छ, त्यो अहिलेका युवा पुस्ताले देखिसकेका छन्', उनले प्रश्न गरे, 'नेपाली कांग्रेस, नेकपा एमालेहरू सत्तामा भजन कीर्तन गाउँदै र मादल बजाउँदै आइपुगेका हुन् ? तपाईंहरू तोडफोड नगरी आएको हो ? मान्छे नमारी आएको हो ? त्यस कारण म भन्छु, सविन महर्जनलाई हिँडिराखेको बेला गोली किन हानियो ? छतमा बसेर किन म्याद सकिएको अश्रुग्यास बर्साइयो ? किन माथिबाट गोली हानियो ? त्यसको जबाफ चाहिन्छ।' १५ चैतमा भएको राजावादी समूहको आन्दोलनमा आन्दोलनकारीले मात्र नभई राज्य पक्षबाट समेत ज्यादती गरिएको आरोप उनले लगाए।

**दोधारमा राप्रपा**

१५ चैतको हिंस्रक आन्दोलनपछि राप्रपाको शाख घटेको आमटिप्पणी भइरहेको छ। प्रतिपक्षी दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का कार्यबाहक प्रवक्ता मनीष झाले तीनकुनेमा मृत्यु भएका २ जना युवाहरूको मृत्यु र क्षतिको घटनाबारे छानबिन गर्न उच्चस्तरीय छानबिन आयोग गठनको माग गर्दै आन्दोलनरत पक्ष र सरकार पक्ष दुवैलाई सचेत गराए।

'अराजकता, उद्दण्डताको कदापि समर्थन गर्न सकिँदैन', उनले भने, 'तीनकुने घटनामा निष्पक्ष छानबिन गर्न उच्चस्तरीय छानबिन आयोग गठन गरियोस्।' सो आन्दोलनमा राप्रपाका नेताहरू रवीन्द्र मिश्र र धवलशम्शेर राणा नै यस्तो घटनामा मुछिएपछि राप्रपाभित्रसमेत तनाव उत्पन्न भएको राप्रपाका एक केन्द्रीय पदाधिकारीले बताए।

'तीनकुने घटनापछि राप्रपाका अध्यक्ष लिङ्देन वैचारिक एवं नैतिक संकटमा परेका छन्', उनले मध्यान्हसँग भने, 'पूर्वराजा ज्ञानेन्द्र शाहले राप्रपाको मुख्य नेतृत्वलाई बेवास्ता गर्दै पूर्वपञ्च नवराज सुवेदी, मेडिकल व्यवसायी दुर्गा प्रसाईं, राप्रपाका नेता रवीन्द्र मिश्र र धवलशम्शेर राणालाई निर्मल निवासमा झिकाउँदै जिम्मेवारी दिन थालेपछि केही असहज भएको छ। पार्टीका नेता मिश्र र राणाले पार्टीको आधिकारिक निर्णयविपरीत नवराज सुवेदी र दुर्गा प्रसाईंको पछि लागेपछि कारबाही गर्ने कि जोगाउने भन्ने दोधारमा नेताहरू पुगेका छन्।'

**राजावादीको गतिविधिप्रति कडा आलोचना**

सोमबार संसद्मा प्रायः सबै दलले राजावादीको गतिविधिप्रति कडा आलोचना गरे। नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले पञ्चायतकालको ३० वर्षमा १६ वटा सरकार बनाएको इतिहास स्मरण गराए।

'नागरिक मर्दै गर्दा धेरैलाई दुख्यो तर निर्मल निवासलाई दुखेन। हृदय नदुख्ने राजाको कस्तो कल्पना गर्न खोजेको ?', उनले राप्रपालाई प्रश्न गरे। नागरिकले आफ्ना आवश्यकता खोज्ने तर राजा नखोज्ने उनको भनाइ थियो।

संसद्मा प्रधानमन्त्रीको सम्बोधनलाई नै अवरोध गर्नेगरी राप्रपाका सांसदहरू प्रस्तुत भएकाप्रति आपत्ति जनाउँदै नेकपा एमालेका सचिव योगेश भट्टराईले निर्मल निवासबाट लफङ्गाहरू पठाएको टिप्पणी गर्दै पूर्वराजाको सेवा सुविधा खोस्नुपर्ने बताए। उनले भने, 'मूर्ति चोरी गर्नेहरू निर्मल निवासमा रहेका छन्। नेपालको राजनीतिलाई पश्चगमनतर्फ लैजाने प्रयास गरिँदै छ। निर्मल निवासबाट लफङ्गाहरूलाई माला गलाएर जनताको घर जलाउन र जनताका छोरा मार्न पठाउनुभयो, सरकारले दिएको सम्मानको सम्झौता भंग गर्नुभयो, अब तपाईंमाथिको सेवा सुविधा के हुन्छ, नेपाल सरकारले जबाफ दिनुपर्छ।'

त्यस्तै, नेकपा (एकीकृत समाजवादी)का सांसद अमरबहादुर थापाले पूर्वराजा र राजावादीहरूप्रति कडा टिप्पणी गरे। उनले वंश विनाश गर्ने, मूर्ति चोरी गर्ने, नमिता-सुनिता काण्डलाई समेत स्मरण गराउँदै १५ चैतमा भएको घटनाले राजा ल्याउँछु भन्नेहरू नांगो भएका दाबी गरे।

बैठकमा नेकपा (माओवादी केन्द्र)की सांसद रेखा शर्माले निरंकुश राजतन्त्रका विरुद्धमा लडेर ल्याएको संघीय लोकतान्त्रिक गणतन्त्रमा राजतन्त्रको बहस गर्नु नहुने बताइन्। तीनकुने घटना घट्नुमा पूर्वराजा ज्ञानेन्द्र शाहको हात रहेको ठोकुवासहित उनले भनिन्, 'कथित आन्दोलनका कमान्डर भनिएका दुर्गा प्रसाईं अगाडि भए पनि त्यसको पछाडि पूर्वराजा ज्ञानेन्द्र शाह छन्। उनले गरेका उक्साहट र पटक-पटक गरेको आह्वानमा यो घटना भएको हो।'

त्यस कारण पूर्वराजा, दुर्गा प्रसाईंसहित यस घटनामा संलग्नमाथि कारबाही गर्न उनले माग गरिन्। तर, गणतन्त्रवादी नेताहरूले भनेभैंm पूर्वराजालाई कारबाही गर्ने कुनै विश्वासिलो आधार नभेटेपछि बाहिर बोले पनि भित्री रूपमा उनीहरू अन्योलमा छन्।

**तीनकुने...**

तोडफोड प्रयास गरे। जडीबुटी कम्पनीमा आगजनी गरे। अन्नपूर्ण पोस्टको कार्यालयमा आगो लगाए। कान्तिपुर मिडिया हाउसको भवनमा आगजनी प्रयास गरे। अन्य मिडिया हाउसमाथि समेत आगजानी र तोडफोड प्रयास गरे। यी गतिविधि हुनुमा सरकारसमेत जिम्मेवार रहेको भन्दै उच्चस्तरीय न्यायिक छानबिन आयोग गठनको माग उठेको हो।

सोमबार प्रतिनिधिसभामा राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देन बोलेका थिए। त्यसक्रममा उनले तीनकुने घटनाप्रति दुःख व्यक्त गरे। निष्पक्ष छानबिनको माग गरे। उक्त घटनामा ज्यान गुमाएका पत्रकार सुरेश रजक र अर्का युवा सविन महर्जनलाई शहीद घोषणा गर्न पनि लिङ्देनले माग गरे। सोमबार नै राष्ट्रिय स्वतन्त्र पार्टीका कार्यबाहक प्रवक्ता मनीष झाले तीनकुने घटनामा कुनै एउटा पक्षलाई दोष दिएर सरकार उम्किन नमिल्ने बताए। 'तीनकुनेको त्यो अराजकता र उद्दण्डताको हामी विरोध जनाउँछौं तर यसमा कुनै एउटा पक्ष मात्र जिम्मेवार छैनन्', रास्वपा सांसद झाले भने। ज्यान गुमाएका युवा सविन महर्जनलाई पछाडिबाट गोली हानेको भिडियो बाहिरिएको भन्दै उनले त्यसमा प्रहरीको कमजोरी देखिएको बताए। झाका अनुसार सविन भागेका थिएनन्, ढुंगा हानिरहेका थिएनन्। सांसद झाले पत्रकार सुरेश रजकको मृत्यु पनि शंकास्पद रहेको बताए। यी विवरण सुनाउँदै उनले तीनकुने घटनामा उच्चस्तरीय छानबिन आयोगको माग गरे।

**६६ वर्षमा...**

गत हप्ता थाई परराष्ट्र मन्त्रालयले प्रधानमन्त्री ओलीको औपचारिक भ्रमण हुने जानकारी दिएको थियो। मन्त्रालयले जारी गरेको विज्ञप्तिमा थाइल्यान्डकी प्रधानमन्त्री सिनावात्राले प्रधानमन्त्री ओली र नेपाली प्रतिनिधिमण्डललाई सरकारी निवासमा औपचारिक स्वागत गर्नुका साथै विभिन्न सम्झौता र समझदारीपत्रमा हस्ताक्षर गर्ने कार्यक्रम रहेको उल्लेख छ।

**८ सम्झौताको तयारी**

प्रधानमन्त्री ओलीको थाइल्यान्ड भ्रमणका क्रममा २ देशबीच ८ वटा समझदारी तथा सम्झौतापत्रमा हस्ताक्षर हुने छ। भ्रमणका अवसरमा पर्यटन र संस्कृतिका सन्दर्भमा २ समझदारीपत्रमा हस्ताक्षर हुने छ। २ प्रधानमन्त्रीको उपस्थितिमा गैरसरकारी क्षेत्रबीच ६ समझदारीपत्रमा हस्ताक्षर हुने परराष्ट्र मन्त्रालयले जनाएको छ।

काठमाडौं विश्वविद्यालय र थाइल्यान्डको एक विश्वविद्यालयबीच पनि सम्झौता हुने छ। नेपाल नेत्र ज्योति संघ र थाइल्यान्डको संस्थाबीच पनि सम्झौतामा हस्ताक्षर गर्ने तयारी छ।

परराष्ट्र मन्त्रालयका अनुसार नेपाल र थाइल्यान्डबीच संस्कृति आदानप्रदानसम्बन्धी सम्झौतामा हस्ताक्षर हुने छ। पर्यटन क्षेत्रमा सहकार्यसम्बन्धी समझदारीपत्रमा पनि हस्ताक्षर गर्ने तयारी छ।

प्रधानमन्त्री ओलीले थाइल्यान्डका प्रतिष्ठित व्यावसायीहरूसँग छलफल गर्ने र एसियन इन्स्टिच्युट अफ टेक्नोलोजीमा सम्बोधन गर्ने कार्यक्रम छ।

द्विपक्षीय वार्तापछि थाई समकक्षीसँगै संयुक्त प्रेस ब्रिफिङमा भाग लिने र थाई राजासँग भेटवार्ता गर्ने छन्।

२१ चैत साँझ नेपाली राजदूतावासमा आयोजना हुने रात्रिभोजमा सहभागी भएसँगै प्रधानमन्त्री ओलीको थाइल्यान्ड भ्रमण सम्पन्न हुने छ।

परराष्ट्र मन्त्रालयका प्रधानमन्त्री ओलीको नेतृत्वमा २५ सदस्यीय नेपाली प्रतिनिधिमण्डल बैंकक जाने छ।

प्रतिनिधिमण्डलमा प्रधानमन्त्री ओलीका अलावा श्रीमती राधिका शाक्य, परराष्ट्रमन्त्री डा. आरजु राणा देउवा, प्रधानमन्त्रीका प्रमुख सल्लाहकार विष्णु रिमाल, आर्थिक र विकास सल्लाहकार डा. युवराज खतिवडा, परराष्ट्र सचिव अमृतबहादुर राई, परराष्ट्र मन्त्रालयको दक्षिण-पूर्वी एसिया एवं प्रशान्त क्षेत्र महाशाखा प्रमुख तापस अधिकारी र उपप्रमुख अम्बिका जोशी तथा क्षेत्रीय संगठन महाशाखा प्रमुख ज्ञानबहादुर मगर र उपप्रमुख विवेक रिजाल छन्।

प्रधानमन्त्री ओलीले थाइल्यान्ड भ्रमणपूर्व शनिबार पूर्वप्रधानमन्त्री, पूर्वपरराष्ट्रमन्त्रीसहित विज्ञहरूसँग छलफल गरेका थिए।

छलफलमा उनीहरूले नेपालको आर्थिक विकास, कनेक्टिभिटी, ऊर्जा, पर्यटन र सांस्कृतिक आदानप्रदानलगायतका क्षेत्रमा भ्रमणलाई देशको अधिकतम् हितमा उपयोग गर्न सुझाव दिएका थिए।

छलफलमा प्रधानमन्त्री ओलीले यतिबेला दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क) र असंलग्न राष्ट्रहरूको अभियानलाई पनि सक्रिय बनाउनुपर्नेमा जोड दिँदै बिमस्टेक सम्मेलनमा राष्ट्रिय हितलाई कसरी महत्त्व दिन सकिन्छ भन्नेबारे प्राप्त सुझावलाई मनन गरिने बताए।

यस्तै, प्रतिनिधिसभाको सोमबार बसेको बैठकमा प्रधानमन्त्री ओलीले कूटनीतिक सम्बन्ध स्थापना भएको ६६ वर्षपछि नेपालका प्रधानमन्त्रीको पहिलो पटक थाइल्यान्डको औपचारिक भ्रमण हुन लागेको जानकारी गराए।

प्रधानमन्त्री ओलीले नेपालका निकट छिमेकीबाहेकका देशहरूको भ्रमणमा 'गेट-वे'को रूपमा रहेको बैंककमा अहिलेसम्म औपचारिक भ्रमण नभएको सन्दर्भमा यो भ्रमण आफैंमा महत्त्वपूर्ण हुने विश्वास व्यक्त गरे।

'यसबीचमा यति नजिकको र ट्रान्जिट प्वाइन्ट जस्तो त्यहीँबाट यता जाने, उता जाने तर औपचारिक भ्रमणचाहिँ नभएको अवस्था रहेछ', भ्रमणको विषयमा प्रतिनिधिसभालाई जानकारी गराउँदै प्रधानमन्त्री ओलीले भने, 'त्यसलाई अन्त्य गर्नका लागि नेपालका तर्फबाट पहिलो पटक कार्यकारी प्रमुखको भ्रमण हुँदै छ। यस अर्थमा यो भ्रमण आफैंमा महत्त्वपूर्ण हो भन्ने ठान्दछु।'

**बिमस्टेकमा सहभागिता**

थाइल्यान्डले २ र ३ अप्रिलमा राजधानी बैंककमा बिमस्टेकको छैटौं शिखर सम्मेलन आयोजना गर्दै छ। दक्षिण तथा दक्षिणपूर्वी एसियाली मुलुकबीच सहयोग आदानप्रदान गर्ने र व्यापार प्रवर्द्धन गर्ने उद्देश्यले बिमस्टेक स्थापना भएको हो। यस सम्मेलनमा प्रधानमन्त्री केपी शर्मा ओली सहभागी हुने छन्। सन् १९९७ मा स्थापित बिमस्टेक दक्षिण र दक्षिणपूर्वी एसियाबीच क्षेत्रीय सहयोगलाई प्रवर्द्धन गर्ने एक महत्त्वपूर्ण संस्था हो। यस पटक बिमस्टेक सम्मेलनमा सदस्य राष्ट्रहरूबीच आपसी सहयोग र सहकार्यलाई थप सुदृढ बनाउने विषयमा छलफल केन्द्रित हुने परराष्ट्र मन्त्रालयका प्रवक्ता कृष्णप्रसाद ढकालले जानकारी दिए। यसका साथै विगतमा भएका सहमति र सम्झौतालाई थप गति दिने विषयमा पनि छलफल हुने उनले बताए।

थाइल्यान्डको प्रधानमन्त्री कार्यालयअन्तर्गतको जनसम्पर्क विभागका अनुसार सम्मेलनमा बैंकक भिजन, २०३०, बिमस्टेकको भविष्यका विषयमा छलफल हुनुका साथै बिमस्टेक शिखर सम्मेलन घोषणापत्र जारी हुने छ।

सदस्य राष्ट्रहरूले बिमस्टेक स्वतन्त्र व्यापार सम्झौता (एफटीए)लाई पनि अन्तिम रूप दिने छन्। यसले सदस्य राष्ट्रहरूबीचको अन्तर-क्षेत्रीय व्यापार र क्षेत्रीय सम्पर्कलाई उल्लेखनीय रूपमा बढाउने अपेक्षा गरिएको छ। प्रधानमन्त्री ओलीले बिमस्टेक शिखर सम्मेलनलाई २२ चैतमा सम्बोधन गर्ने कार्यक्रम छ। साथै, सदस्य राष्ट्रका राष्ट्र प्रमुख तथा सरकार प्रमुखहरूसँग पनि साइडलाइन वार्ता गर्ने छन्। यसअघि १९ र २० भदौमा बिमस्टेक सम्मेलन तय भएको थियो। तर, थाइल्यान्डमा भएको राजनीतिक उतारचढावका कारण सम्मेलन स्थगित भएको थियो। थाइल्यान्डका प्रधानमन्त्री स्रेथा थाविसिनलाई सवैधानिक अदालतले गत साउनमा पदमुक्त गरेपछि राजनीतिक संकट उत्पन्न भएको थियो।

**मोदीसँग भेट अनिश्चित**

थाइल्यान्ड हुने बिमस्टेक सम्मेलनमा भारतका प्रधानमन्त्री नरेन्द्र मोदी पनि सहभागी हुँदै छन्। बैंककस्थित नेपाली दूतावासले ओली-मोदीबीच साइडलाइन भेटवार्ताका लागि पहल गरिरहेको छ। तर, भेट निश्चित भइसकेको छैन। प्रतिनिधिसभाको सोमबारको बैठकलाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले पनि यस्तो संकेत गरेका हुन्। भारतीय समकक्षी मोदीसँग भेटवार्ता प्रयासलाई नेपाली पक्षले प्राथमिकतामा राखेको छ। मोदीसँग भेटवार्ता गर्ने प्रयास भए पनि भारतीय पक्षले सोमबारसम्म यसबारे कुनै जानकारी गराएको छैन। भारतीय प्रधानमन्त्री मोदी २० चैतमा बैंकक पुग्ने छन्।

**के हो बिमस्टेक ?**

बंगालका खाडी राष्ट्रहरूको संगठनको रूपमा ६ जुन १९९७ मा बैंकक घोषणापत्रमार्फत 'बिस्टेक' स्थापना भएको थियो। सुरुमा बंगलादेश, भारत, श्रीलंका र थाइल्यान्ड मात्र यसका सदस्य थिए। सोही वर्ष संगठनमा म्यान्मारलाई सदस्य राष्ट्रका रूपमा थप गरेर नाम बिमस्टेक बनाइएको थियो।

सन् २००४ फेब्रुअरीमा थाइल्यान्डमा सम्पन्न छैटौं मन्त्रीस्तरीय बैठकबाट नेपाल र भुटानले पनि बिमस्टेकको सदस्यता प्राप्त गरे। त्यसपछि संगठनलाई 'बे अफ बंगाल इनिसिएटिभ फर मल्टी सेक्टरल टेक्निकल एन्ड इकोनमिक कोअपरेसन' नाम दिइयो। यसलाई नेपालीमा 'बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बंगालको खाडीको प्रयास' भनिन्छ। हाल नेपाल, भारत, बंगलादेश, श्रीलंका, भुटान, म्यान्मार र थाइल्यान्ड यसका सदस्य छन्। दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क) जस्तै क्षेत्रीय संगठनको अवधारणामा दक्षिण र पूर्वी एसियालाई जोड्ने लक्ष्यका साथ बिमस्टेक गठन गरिएको हो। विश्वको करिब २२ प्रतिशत जनसंख्या रहेको यो क्षेत्रका देशहरूको सामूहिक आर्थिक उन्नति र सहकार्य गर्नु यसको मूल लक्ष्य हो। बिमस्टेकका सबै सदस्य राष्ट्रको जनसंख्या १ दशमलव ७ अर्बभन्दा बढी छ। यसको संयुक्त जीडीपी ४ दशमलव ७ ट्रिलियन डलर छ। सुरुमा व्यापार, प्रविधि, यातायात पर्यटन र मत्स्य व्यवसाय बिमस्टेकका कार्यक्षेत्र थिए। सन् २००८ पछि गरिबी निवारण, कृषि, स्वास्थ्य, प्रतिआतंकवाद, वातावरण, जलवायु, संस्कृति यसको कार्यक्षेत्रका रूपमा थप गरियो। १४ भदौ २०७५ (सन् २०१८) मा काठमाडौंमा बिमस्टेकको चौथो सम्मेलन भएको थियो।

**एसोसिएसन...**

तोकिएका छन् भने उक्त समितिका सहसंयोजकमा सोमबहादुर तामाङ छन्। सदस्यमा कुसाङ शेर्पा, लीलबहादुर तामाङ र राजु घिमिरे छन्।

एसोसिएसनका प्रथम उपाध्यक्ष विनोदजंग केसीको संयोजकत्वमा व्यवस्थापन समिति गठन गरिएको छ। समितिका सहसंयोजकमा इन्द्रमणि न्यौपाने र सदस्यहरूमा अभिनयमानसिंह बस्नेत, राजकाजी भोलान, रामप्रसाद गैरे र गोकुल रत्न छन्। कमलदेव मल्लको संयोजकत्वमा अनुशासन समिति गठन गरिएको छ। बिल बस्नेत समितिका सहसंयोजक रहेका छन् भने सदस्यमा इन्द्र लामा र श्रद्धा खड्का छन्।

सञ्जय शेर्पाको संयोजकत्वमा महासमिति सदस्य महाधिवेशन प्रतिनिधि समन्वय समिति गठन गरिएको छ। समितिका सहसंयोजक मचिन्द्रनाथ शेर्मा र सदस्य चित्र केसी छन्। प्रीतम थापा मगरको संयोजकत्वमा संघ समन्वय समिति गठन गरिएको छ। शिवकुमार कार्की सहसंयोजक रहेको समितिको सदस्यमा एमबी राउत (मेघ) छन्।

रविन शेरचनको संयोजकत्वमा घटक जातीय भेगीय समन्वय समिति गठन गरिएको छ। समितिका सहसंयोजकमा रमेश पाखिन छन् भने तारामणि राई र व्यास माझी सदस्य छन्। दिलप्रसाद धितालको संयोजकत्वमा ज्येष्ठ नागरिक एवं पुराना वैदेशिक रोजगार व्यवसायी समन्वय समिति गठन गरिएको छ। उक्त समितिमा हिक्मत शेरचन, एकनारायण काफ्ले, तीर्थबहादुर गुरुङ, मदन खड्का, आरसी गिरी र सरोज लामा सहसंयोजक छन्। नेपाल वैदेशिक रोजगार व्यवसायी संघ कार्यसमितिको आगामी निर्वाचनका लागि एसोसिएसन र मञ्चले तालमेलका आधारमा आइतबार प्यानल घोषणा गरेका थिए। संघको ३१औं साधारणसभा तथा नयाँ कार्यसमितिको निर्वाचन आगामी २९ चैतमा हुँदै छ। एसोसिएसन नेपाली कांग्रेस र मञ्च नेकपा (माओवादी केन्द्र) निकट संस्था हुन्। सो प्यानलको अध्यक्षमा संघका पूर्व द्वितीय उपाध्यक्ष तथा गुरुङ म्यानेजमेन्ट प्रा.लि.का संचालक भुवनसिंह गुरुङ, प्रथम उपाध्यक्षमा नोकरी नेपाल प्रा. लि.का संचालक नरेन्द्रप्रसाद ढकाल, द्वितीय उपाध्यक्षमा अलर्ट ओभरसिज प्रा. लि.का संचालक देवकुमार खोखाली, तृतीय उपाध्यक्षमा इम्प्लोइमेन्ट क्रियसन सर्भिस प्रा. लि.का संचालक हर्कबहादुर लिम्बू, महासचिवमा ग्लोबल राइजिङ प्लेसमेन्ट प्रा. लि.का संचालक महेशकुमार बस्नेत उम्मेदवार बनेका छन्।

त्यस्तै, गणतान्त्रिक मञ्चका महासचिव रहेका आकृति रिक्रुटिङ प्रा. लि.का संचालक कुन्छा दोर्जे डिम्दोङ सचिव र कोषाध्यक्षमा शुभ हारती म्यानपावर प्रा. लि.का संचालक विक्रम श्रेष्ठ उम्मेदवार बनेका छन्। श्रेष्ठ संघको वर्तमान कार्यसमिति सदस्य हुन्।

कार्यसमिति सदस्यमा इम्पेरियल ओभरसिज प्रा. लि.की संचालक विद्यालक्ष्मी बज्राचार्य, हिमालयन भ्याली नेपाल प्रा. लि.का संचालक देवीप्रसाद गिरी, ब्रदर इन्टर नेसनल इम्प्लोइमेन्ट प्रा. लि.का संचालक दीपककुमार राय, रसुवा ओभरसिज प्रा. लि.का संचालक सुवर्ण लामा, सेक्युर नेपाल जब प्रा. लि.का संचालक सुमनराज पाण्डे, ग्लोबल एचआर हब प्रा. लि.की संचालक गीता राउत र युनिक ओभरसिज प्रा.लि.की संचालक तिलरूपा दाहाल उम्मेदवार बनेका छन्। त्यस्तै, एच. आर. सोलुसन प्रा. लि.का संचालक भरत सापकोटा र रिजा ओभरसिज प्रा. लि.की संचालक रेखा शर्मा, इगल म्यानपावर कन्सल्टेन्ट प्रा. लि.का संचालक कृष्ण ढकाल सदस्यका सदस्यका उम्मेदवार बनेका छन्।

**३ पूर्वअध्यक्षको...**

न्यौपाने र कुमुद खनालले समितिमा नरहेको बताए। पूर्वअध्यक्ष ढकालले नेपाली काँग्रेसले हाल माओवादीसँग सहकार्यको नीति नलिएको भन्दै संघको निर्वाचनका लागि गणतान्त्रिक मञ्चसंगको तालमेल पार्टीको केन्द्रीय नीतिविपरीत रहेकाले उक्त समितिमा आफू नरहेको बताए। अर्का पूर्वअध्यक्ष न्यौपानेले आइतबारको उम्मेदवार घोषणा सभामा पार्टीका नेताहरूलाई सहमति भयो भन्दै झुक्याएर बोलाएको र पार्टीका विभागीय प्रमुख प्रकाश रसाइली 'स्नेही' पनि उपस्थित नभएका र उम्मेदवार घोषणाबारे मंगलबार बिहान पार्टी सभापति शेरबहादुर देउवालाई भेटेर छलफल गर्ने तय भएको भन्दै समितिमा नरहेको बताए। अर्का पूर्वअध्यक्ष खनालले संघको आगामी निर्वाचनमा आफू अध्यक्षको उम्मेदवार रहेको भन्दै आफ्नो नाम जानकारीबिना नै राखिएको भन्दै असहमति जनाए।

**कतारमा...**

विगत २ दशकदेखि कतार नेपाली कामदारहरूका लागि लोकप्रिय आकर्षक श्रम गन्तव्य मुलुकमा रहेको छ। माफी पाउनेहरू अधिकांश वैदेशिक रोजगारका क्रममा कतार गएका नेपाली रहेका बताइएको छ।


## तिला गाँउपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**डुण्डेली, जुम्ला**
**कर्णाली प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८१-१२-१९ गते**

यस तिला गाँउपालिकाद्वारा मिति २०८१/११/०२ गतेको राष्ट्रिय स्तरको दैनिक प्रत्रिकामा प्रकाशित भएको बोलपत्र पेश गर्ने सम्बन्धी सूचना बमोजिम तपसिल कार्यको लागि रित पुर्वक पर्न आयका बोलपत्रहरुको मुल्यांक समितिको निर्णय बमोजिम तपसिलमा उल्लेखित बोलपत्र दाताको प्रस्ताव न्युनतम मूल्याङ्कित र सारभूत रुपमा प्रभावग्राही भइ देखियकोले सार्बजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ ७ (सात) दिने सूचना सम्बन्धित सबैको जानकारीको लागि प्रकाशित गरिएको ब्यहोरा अनुरोध छ।

**तपसिल**

| सि. नं. | ठेक्का नं. | योजनाको नाम | कम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राही निर्माण कम्पनिको नाम | कबोल अंक |
|---|---|---|---|---|
| 1. | TRM/Jumla/ NCB/Work/ 081/082-06 | Gramin wa Krishi Sadak Rara Dekhi Ghode Sudi Manechaur Ransa Hudai Khopri kayarkot Samma Sadak Starunnoti ra Nirman. | GNS/ANS JV Chandannath-3, Jumla | NPR. 1,35,61,272.46 (With Vat and PS) |

**प्रमुख प्रशासकीय अधिकृत**

## Nalgad Municipality
## Office of the Municipal Executive
**Dalli, Jajarkot**

### Invitation for Bids

**First Date of Publication: 01 April, 2025 (19 chaitra 2081)**

1. Nalgad Municipality, Jajarkot invites electronic bids from Nepalese eligible bidders for the Procurement and Upgrading of following work under National Competitive Bidding (NCB) procedure.

| Contract IdentificationNo. | Description of work | Bid Security Amount | Bid Validity Period |
|---|---|---|---|
| SQ/NM/MEDICINE/02/2081-82 | procurement and supply of Nalgad health medicine | 40,000 | 120 Days |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Nalgad Municipality, Dalli, Jajarkot or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Website www.bolpatra.gov.np./egp, Bidders, submitting their bid electronically, should deposit the cost of bidding document NRs. 3,000.00 (Non-refundable) in the Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank : NIC ASIA bank Limited Branch: Dallibajar Branch**
   **Name of Office : Nalgad Municipality Jajarkot**
   **Office Account no. : 2352050029182002 Rajaswa (Antarik RajaswoKhata)**
4. Pre-bid meeting shall be held.
5. Only electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp on or before 12:00 hrs. of 16-04-2025 Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00 hrs. of 16-04-2025 at the Office of Nalgad Municipality, Dalli,Jajarkot. Bid Security in the form of cash should be deposited in the Deposit
   **Account A/C No. : N5CA052239552402**
   **Account Name : Dharauti khata (Nalgad Municipality Dalli Jajarkot)**
   **Bank name : NIC Asia Bank Nalgad Municipality, Dalli Jajarkot**
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. If a bidder submits above several successful (lowest evaluated substantially responsive) bids for the above contracts, the evaluation will also include an assessment of the bidder's capacity to meet the aggregated requirements regarding: Experience, Financial Situations, Cash flow capacity, Equipment to be allocated and Personnel to be fielded.
9. The person, firm or company black listed as per Public procurement Act-2063 with amendment, shall be ineligible to submit the bid and also the proprietor of such firm or company shall be ineligible to submit the bid from another new firm or company.
10. Matters not covered by this notice shall be in accordance with Public Procurement Act-2063 with amendment and Public Procurement Regulations 2064 with amendment and other prevailing regulations

**Chief Administrative Officer**

तीनकुने घटना

# महासंघले दियो सरकारलाई ७ दिने अल्टिमेटम



**काठमाडौं/मस-** काठमाडौं तीनकुनेको हिंसात्मक प्रदशर्नका बेला संचारमाध्यम र संचारकर्मीमाथि भएको हमलाविरूद्ध आन्दोलनरत नेपाल पत्रकार महासंघले सरकारलाई ध्यानाकर्षण पत्र बुझाएको छ ।

महासंघ केन्द्रीय समितिले संघीय सरकारका गृहमन्त्री रमेश लेखक, प्रदेश समितिहरूले मुख्यमन्त्री र आन्तरिक मामिला मन्त्री र शाखाहरूले सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीमार्फत सोमबार ध्यानाकर्षण पत्र बुझाएको महासंघका महासचिव रामप्रसाद दाहालले जानकारी दिए ।

महासंघले मृतक पत्रकारको न्याय र उनका परिवारलाई क्षतिपूर्ति, आगजनी र ढुंगामुढा गरी क्षति पुऱ्याइएका संचार गृहलाई क्षतिपूर्ति,घाइते पत्रकारको उपचार, क्षति पुऱ्याइएका र हराएका संचार उपकरणको क्षतिपूर्ति तथा संचार गृह र संचारकर्मीको सुरक्षाको प्रत्याभूति नभए एक सातापछि सरकारविरूद्ध आन्दोलित हुने चेतावनी सरकारलाई दिएको छ।

ध्यानाकर्षण पत्रमा आगोमा जलेर ज्यान गुमाएका पत्रकार सुरेश रजकको सम्बन्धमा छानबिन गरि दोषीहरूलाई तत्काल कारबाही गर्न र उनका परिवारलाई क्षतिपूर्ति दिन, क्षति पुऱ्याइएका अन्नपूर्ण पोष्ट, कान्तिपुर टेलिभिजन, हिमालयन टेलिभिजनलाई क्षतिपूर्ति दिन र घाइते पत्रकारलाई क्षतिपूर्ति र निःशुल्क उपचार उपलब्ध गराउन माग गरिएको छ ।

यस्तै विगतदेखिकै प्रेस स्वतन्त्रता उल्लंघनका घटनामा संलग्नहरूलाई कानुनी कारबाही र संचार गृह तथा संचारकमीको सुरक्षाको उचित प्रवन्ध मिलाउन महासंघले माग गरेको छ ।

ती मागको यथोचित सम्बोधन नभए महासंघ सरकारविरूद्ध आन्दोलित हुने महासचिव दाहालले बताए । गृहमन्त्री लेखकलाई महासंघका कार्यवाहक अध्यक्ष दीपक आचार्य नेतृत्वको प्रतिनिधिमण्डलले ध्यानाकर्षण पत्र बुझाएको हो ।

आचार्यले महासंघका माग सम्बोधन गर्न अनुरोध गरेका छन् भने गृहमन्त्री लेखकले मागप्रति सरकार गम्भीर रहेकाले आवश्यक परामर्शपछि निर्णय लिइने जानकारी गराए। यसैगरी महासंघको टोलीले मारिएका पत्रकार रजकको परिवार र आफन्तसंग भेटी छलफल गरेको छ ।

# लहानमा खानेपानी संकट समाधान गर्न नगरप्रमुखको पहल



**ओम प्रकाश यादव/मध्यान्ह**
लहान, १८ चैत

सिरहाको लहानमा बढ्दो खडेरी र गर्मीलाई मध्येनजर गर्दै खानेपानी समस्या समाधान गर्न पहल भएको छ । लहान नगरपालिकाका मेयर महेशप्रसाद चौधरीले खानेपानी आपूर्तिका लागि सक्रिय कदम चालेका हुन् ।

नगरका विभिन्न क्षेत्रमा पानीको अभाव झेल्दै आएका स्थानीयबासिन्दाको समस्यालाई सम्बोधन गर्न मेयर चौधरीको नेतृत्वमा खानेपानी अभियानलाई तीव्रता दिइएको छ । लहान नगरपालिका वडा नं १३ स्थित विभिन्न बस्तीहरूमा खानेपानी सहज आपूर्तिका लागि नयाँ आयोजना सञ्चालनमा ल्याउन पहल गरिँदैछ ।

यसै क्रममा, मेयर चौधरीले औपचारिक रूपमा पूजापाठ गरी खानेपानी आयोजनाको डिप बोरिङ जडान कार्य शुभारम्भ गरेका छन् । यो आयोजना सफलतापूर्वक सम्पन्न भएमा स्थानीयबासिन्दाहरूको वर्षौंदेखिको खानेपानी अभाव अन्त्य हुने विश्वास गरिएको छ ।

लामो समयदेखि निर्माण सम्पन्न भएर पनि अलपत्र अवस्थामा रहेको खानेपानी ट्यांकीलाई पुनः सञ्चालनमा ल्याउने उद्देश्यले मेयर चौधरीले पहल थालेपछि स्थानीय समुदायबाट सकारात्मक प्रतिक्रिया आउन थालेका छन्।

वर्षायाम बाहेक अन्य समयमा पनि यहाँका बासिन्दाहरूले पानीको चरम अभाव झेल्दै आएका थिए । यस्तो अवस्थामा नगरपालिकाको नेतृत्वले देखाएको सक्रियता प्रशंसनीय रहेको स्थानीयबासिन्दाहरूको भनाइ छ । करिब ७ सय घरधुरीलाई प्रत्यक्ष लाभ पुग्ने गरी सञ्चालन हुन लागेको यो आयोजना करिब ३ किलोमिटरको कार्यक्षेत्रमा रहने बताइएको छ। आयोजना सम्पन्न भएपछि लहान नगरपालिकाको वडा नं १३ तथा वरपरका क्षेत्रका बासिन्दाहरूले सहज रूपमा शुद्ध खानेपानी प्राप्त गर्ने अपेक्षा गरिएको छ ।

यस आयोजनालाई प्रभावकारी रूपमा सम्पन्न गर्न नगरपालिकाले आवश्यक सम्पूर्ण स्रोतसाधन परिचालन गर्ने जनाएको छ । साथै, स्थानीय जनप्रतिनिधि र सरोकारवालाहरूको सहकार्यमा आयोजना निर्माणको कार्यलाई छिटोभन्दा छिटो सम्पन्न गर्ने लक्ष्य लिइएको छ। स्थानीयहरूका अनुसार विगतमा पनि खानेपानी सम्बन्धी विभिन्न योजनाहरू अघि सारिए तापनि तीनको प्रभावकारी कार्यान्वयन नहुँदा समस्या जस्ताको तस्तै थियो । तर, यसपटक नगरपालिकाले ठोस योजना बनाएर अघि बढेको देखिएकाले सफलताको आशा गरिएको छ ।

खानेपानीको समस्या समाधान गर्न नगरपालिकाले चालेको यो कदमले सम्पूर्ण नगरवासीलाई राहत दिने विश्वास गरिएको छ। नगरपालिकाको नेतृत्वले आगामी दिनमा पनि यसरी नै आधारभूत आवश्यकताका सेवाहरूमा ध्यान दिने हो भने स्थानीयबासीको जीवनस्तरमा महत्वपूर्ण सुधार आउनेछ ।

# अधिकारमा आधारित यौन तथा प्रजनन स्वास्थ्य अधिकारमा जोड



**काठमाडौं/मस-** संसदको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिका सभापति अम्मरबहादुर थापाले नागरिक स्वस्थ रहे मात्र देश स्वस्थ रहने बताएका छन् । कैलालीको गोदावरी नगरपालिकामा सञ्चालित अधिकारमा आधारित यौन तथा प्रजनन स्वास्थ्य अधिकार र सेवामा पहुँच सुदृढीकरण परियोजना समीक्षा कार्यक्रममा सभापति थापाले यस्तो बताएका हुन् ।

रोग लागे पनि नदेखाउने प्रवृत्ति अन्त्य हुनुपर्ने, स्थानीय तहमा प्रजनन स्वास्थ्यमा सचेतना अभिवृद्धि गर्नुपर्ने र शिक्षा, स्वास्थ्य र विकासमा राजनीति गर्न नहुने सभापति थापाले बताए ।

कैलालीको गोदावरी नगरपालिकामा पाइलट प्रोजेक्टका रुपमा सेन्टर फर रिप्रोडक्टिभ राइट, केयर, महिला कानुन र विकास मञ्च (एफडब्लुएलडी) निड्स नेपाल र ह्युमननिट्रेन पार्टनरसिप प्लेटफर्मले परियोजना सञ्चालन गरेका थिए ।

विपद् व्यवस्थापन नीति तथा योजनामा यौन तथा प्रजनन स्वास्थ्य अधिकार समावेश गर्दै आपतकालीन अवस्थामा पनि सुरक्षित, गुणस्तरीय र निरन्तर स्वास्थ्य सेवा सुनिश्चित गर्न परियोजना सञ्चालन गरिएको कन्सोर्टियम प्रोजेक्टका प्राविधिक संयोजक शंकर धामीले जानकारी दिए ।

संयोजक धामीले सामुदायिक जवाफदेहिता संयन्त्रको स्थापना तथा कार्यान्वयन, विपद् तयारी, प्रतिकार्य र पुनर्स्थापनासँग सम्बन्धित कानुन र नीतिहरुमा प्रमाण-आधारित वकालत, स्वास्थ्यकर्मी तथा मानवीय सहायता प्रदायकको क्षमता विकास र विपद् अनुगमन प्रणालीमा यौन तथा प्रजनन स्वास्थ्यका सूचकहरु समावेश गरी कार्यान्वयनका लागि मानवअधिकार संस्थाहरुसँग पैरवी गर्ने परियोजनाको मूल उद्देश्य रहको बताए ।

नगरपालिकासँग समन्वय गरेर परियोजना सञ्चालन भएको नगर उपप्रमुख शारदादेवी रोकायाले बताइन् । उपप्रमुख रोकायले परियोजना पूर्णरुपमा सफल रहेको र यस्ता कार्यक्रम पालिकामा निरन्तर सञ्चालन गरिराख्न आग्रह गरिन् । परियोजना सञ्चालनपछि गोदावरी नगरपालिकामा ऐन निर्माण भएको, स्वास्थ्य सचेतनामा उल्लेख्य वृद्धि भएको उनले बताइन् ।

उपमेयर रोकायाले गैरसरकारी संस्थाको सहयोगमा ऐन निर्माण भएपछि, ऐन कार्यान्वयनका लागि १ करोड रुपैयाँ विनियोजन भएको, स्वास्थ्य सेवाका लागि पालिकाले १५ लाख रुपैयाँ बजेट छुट्टाइएको, जेष्ठ नागरिकलाई घरमै स्वास्थ्य सेवा पालिकाले उपलब्ध गराइएकोलगायतका प्रगति भएको बताइन् ।

यो परियोजना सम्पन्न भएपछि गोदावरी नगरपालिकाले सुरक्षित मातृत्वमा ठूलो उपलब्धी भएको स्वास्थ्य शाखा प्रमुख नवराज अवस्थीले बताए । पालिकामा १८ वटा स्वास्थ्य संस्था रहे पनि सेवाका बारेमा सुसूचित नभएको उनले बताए। पालिकामा १०७ जना स्वास्थ्यकर्मी रहे पनि सबै समेट्न नसकेको, स्वास्थ्य स्वयमसेवकले ६ महिनादेखि तलब नपाएको, प्रदेश र केन्द्रले निःशुल्क उपलब्ध गराउने औषधि समयमा उपलब्ध नगराउने जस्ता स्वास्थ्य क्षेत्रका समस्या उनले सुनाए ।

धेरै हिसाबले अन्य पालिकाभन्दा गोदावरी नगरपालिका धेरै अगाडि रहेको एफडब्लुएलडीका अधिवक्ता दिपेश श्रेष्ठले बताए। प्रगतिशील स्थानीय कानुन निर्माण गरेर पालिकाले आफूलाई अगाडि राखेको उनको भनाइ थियो । केयर नेपालका कालिदास जोशीले २१ वटा वडामा २१ वटा समुदाय गठन गरी सहजकर्ता तोकेर काम गरेको बताए । समुदायले प्राप्त गर्ने सेवाबारे जानकारी गराइएको उनले बताए । समुदाय स्तरीय जवाफदेहिताबारे निड्स नेपालकी कार्यक्रम अधिकृत रुचि रानामगरले स्पष्ट पारेकी थिइन् । रिप्रडक्टिभ राइटका प्रभावर श्रेष्ठले गोदावरी नगरपालिकामा सञ्चालन भएको पाइलट परियोजना विस्तृत जानकारी दिएका थिए। कार्यक्रममा परियोजना सञ्चालनको उद्देश्य, तयारी र चुनौतिका बारेमा श्रव्यदृश्यका सामाग्री प्रस्तुत गरिएको थियो ।

सेन्टर फर रिप्रोडटिप राइटकी प्रविना बज्रचार्यले दुईवटा समूहलाई एक ठाउँमा राखेर काम गर्नुपरेको बताइन् । परियोजना सम्पन्न भएपछि प्राकृतिक जोखिममा प्रजनन स्वास्थ्यजस्तो महत्वपूर्ण विषयमा पालिकाले उपलब्धी हालिस गरेको विश्वास व्यक्त गरिन् ।

**युएईमा रोजगार** | कम्पनी : DOUGLAS OHI - L.L.C - O.P.C | शहर: ABU DHABI
पूर्व स्वीकृत मितिः २०८१/०९/२२ | चलानी नं.: ६०२३०९६३ | LT. No.: 316754 | पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Scaffolder | 6 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४४,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Carpenter | 2 | 0 | | 1200 | ४४,५८० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत २६ गते (8 April 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Seagull International Global H.R. Consultants Pvt. Ltd. | इजाजत नं.: ४०७/०६०/०६१
Sukedhara-4, Kathmandu, Nepal | Tel : 014375822, 014375824, 9808818851
9851015421, 9808818851, 9816060051, 9841781155, E-mail: cm.seagull55@gmail.com

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय
**उत्तर-दक्षिण (कोशी) सडक योजना**
खाँदबारी, संखुवासभा

**बोलपत्र स्वीकृतका लागि आशयको सूचना**

प्रकाशित मितिः २०८१/१२/१९

यस कार्यालयको सूचना नं 02–NSKRP/081/82 मिति २०८१/११/०१ मा राजधानी दैनिक पत्रिकामा प्रकाशित सूचनामा तोकिएको अन्तिम म्याद भित्र पेश हुन आएका बोलपत्रदाताहरुमध्ये प्राविधिक तथा आर्थिक प्रस्ताव परीक्षणबाट तपसिलमा उल्लेखित बोलपत्र न्यूनतम मूल्यांकित सारभूतरुपमा प्रभावग्राही भई स्वीकृत लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ र सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुलाई जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का न. | बोलपत्रदाताको नाम | कामको विवरण | कबोल रकम रु.(मु. अ. कर र PS बाहेक) |
|---|---|---|---|
| NSKRP/ 337011184/ 081/82-02 | M/S Rajendra and Raman Construction Pvt. Ltd. | Construction and Improvement of Road Track at Chainage 144+700 Km to 148+000 Km (Ghongoppa to Kimathanka) | 57,664,400.00 |

योजना प्रमुख

**युएईमा रोजगार** | कम्पनी : FEATURE TECH.CONT | शहर: UAE
पूर्व स्वीकृत मितिः २०८१/०९/०७ | चलानी नं.: ६०२३००९७ | LT. No.: 315823 | पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenters (Shuttering & Finishing) | 50 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४४,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Helper | 35 | 0 | | 800 | २९,७२० | | | | | | | |
| 3. | Mason (Nepal) | 90 | 0 | | 1200 | ४४,५८० | | | | | | | |
| 4. | Steel Fixer | 25 | 0 | | 1200 | ४४,५८० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत २६ गते (8 April 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

स्काई ब्रिज ओभरसिज प्रा. लि. | श्रम इजाजत नं. ११६६/०७३/०७४
फोन नं.: ०१-४५६९२७०, काठमाडौं, नेपाल
Email: skybridgeoverseas2017@gmail.com, सम्पर्क नं. : 9813022647, 9846194102, 9823607739

**KUWAIT मा GCC Trailer Driver हरूलाई बैदेशिक रोजगारको सुवर्ण अवसर**

Company : Action Logistics Company | पुर्व स्वीकृती मितिः २०८१/१२/१८ | चलानी नं. : ६०२३५४९२ LT No.: 321268

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Heavy Driver (Local License) | 150 | काममा दक्ष | 150 | ६६,७००।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| २. | Labour | 50 | | 95 | ४२,३००।- | | | | | | | |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,३०८।- कामदार आफैले | रु. १,५००।- कामदार आफैले | रु. ७,००।- कामदार आफैले | रु.१०,०००।- |

अन्तरवार्ता २०८१ चैत्र २६ गते (8 April, 2025) यस प्रा. लि. को कार्यालय मिनभवन, काठमाडौमा हुनेछ ।

GULF EMPIRE COMPANY PVT. LTD. | Lic. No.: 1599/079/80
के.एम.सि.-३१, मिनभवन, बानेश्वर, काठमाडौं, फोन नं. ०१-४११५९६०/४११५९६१
मोबाईल : ९७०९०९४६४८, ९८२३२५७२७१, ९८०२३४४७७५
ईटहरी सम्पर्क : ९८०१०२३८१२, ९८०२०२३८१२
इमेल : gulfempirenepal@gmail.com, वेभसाइट : gulf-empire.com

**तिरहुत गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
गोईठी, सप्तरी
मधेश प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

(प्रकाशित मिति : २०८१/१२/१९

यस कार्यालयको मिति २०८१/११/१४ गते प्रथम पटक प्रकाशित सूचना अनुसार तपसिल बमोजिमको कार्यको लागि निधारित समय भित्र विद्युतीय प्रणाली मार्फत रितपुर्वक दर्ता हुन आएका बोलपत्रहरु मूल्याङ्कन गर्दा तपसिल बमोजिमको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राही भएकोले सार्वजानीक खरिद ऐन २०६३ (संशोधन सहित) को दफा २७ को उपदफा १ बमोजिम छनोट गरिएकोले सोहि ऐनको उपदफा २ को प्रयोजनार्थ सम्बन्धीत सबै बोलपत्रदाताहरुको जानकारीको लागी यो आशयको सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| सि. नं. | ठेक्का नं./कामको विवरण | छनौट गरिएको बोलपत्रदाता | कबोल अङ्क रु (भ्याट र पि.एस. सहित) | कैफियत |
|---|---|---|---|---|
| १ | TRH/SAP/W/NCB/01-81-82 (तिरहुत गा.पा.३ पिपराहि टोल हुदै उत्तर वडा नं. ५ लोहजारा भिन्दवार टोल हुदै मण्डल टोलको हनुमान मन्दिर सम्म कालो पत्रे तथा नाला निर्माण) | पुष्प निर्माण सेवा हनुमाननगर-१ सप्तरी | रु.१००३२३७३।४९ | |

प्रमुख प्रशासकीय अधिकृत

सम्पादकीय

# निकास छानबिन आयोग

राजसंस्था फर्काउने उद्देश्यले गरिएको भनिएको गत १५ चैतको राजावादीहरूको प्रदर्शन हिंसात्मक बनेपछि राष्ट्रिय राजनीति यसै वरिपरि घुमिरहेको छ । लामो समयपछि मुलुकको राजनीतिक ध्रुवीकरण बन्न पुगेको छ । एकातर्फ गणतान्त्रिक शक्ति र अर्कातर्फ राजावादीहरू हुन पुगेका छन् । राजावादीहरूभित्र कट्टर र नरमपन्थी भएर मतभेद चले पनि उनीहरू एउटै कित्तामा छन् । राप्रपाभित्रै पनि हिंसात्मक बन्न पुगेको तीनकुने घटनालाई हेर्ने दृष्टिकोण समान बन्न सकिरहेको छैन । राप्रपाका अध्यक्ष राजेन्द्र लिङ्देनले दुर्गा प्रसाईं नेतृत्वमा भएको उक्त घटनालाई अपनत्व लिन चाहिरहेका छैनन् । आफ्नै नेताहरू रवीन्द्र मिश्र र धवलशम्शेर राणा यो प्रकरणमा पक्राउ परेकाले रिहाइको माग राप्रपाको मुख्य एजेन्डा बनेको छ ।

गणतान्त्रिक दलहरू पनि राजावादीविरुद्ध जुटेका छन् । प्रधानमन्त्री केपी शर्मा ओलीले गणतान्त्रिक शक्तिहरूको संयुक्त बैठक राखिसकेका छन् । गणतन्त्र पक्षधर बैठक भनेर राखिएको बैठकले सत्ता–विपक्षको कित्ता भत्कन पुगेको छ । नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी)सहित विपक्षी दलहरूलाई पनि राखेर प्रधानमन्त्री ओलीले गणतान्त्रिक शक्तिहरूको साझा धारणा बनाएका छन् । तटस्थ जस्तो देखिएको रास्वपालाई पनि कित्ता प्रस्ट पार्न अप्रत्यक्ष दबाब सिर्जना गरिँदै छ । रास्वपाले भने कुनै पनि कित्तामा नखुल्ने अडान लिएको देखिन्छ । यसरी ध्रुवीकृत राजनीतिमा तीनकुने घटनालाई आ–आफ्नै तरिकाले व्याख्या गरिरहेका छन् । राजावादीहरूले तीनकुने घटना हिंसात्मक बन्नुमा सरकारलाई दोषी मानेका छन् । तर, प्रधानमन्त्री ओलीसहित गणतान्त्रिक दलहरूले राजावादी अगुवाहरूलाई दोषी मानेर कारबाही अगाडि बढाउन माग गरिरहेका छन् ।

तीनुकने घटनाका पीडितहरूको बयान र पीडा भने अलग्गै छ । गोली लागेर ज्यान गुमाएका सविन महर्जनको परिवारले प्रहरी प्रशासनको कमजोरी भनिरहेका छन् । गोली चलाउनै नपर्ने ठाउँमा सविनमाथि गोली हानिएको उनको परिवारको आरोप छ । अरू घाइतेहरूको बयान पनि दलहरूको दाबीसँग मिल्दैन । पक्राउ परेका सांसद धवलशम्शेर राणा र रवीन्द्र मिश्रकै सन्दर्भमा पनि अलग–अलग दाबी छन् । राप्रपाले निर्दोष भनिरहेको छ भने सरकारी अधिकारीहरूले नियन्त्रणमा राखेर अनुसन्धान गरिरहेका छन् । मुख्य कमान्डर बनेका दुर्गा प्रसाईं भने फरार छन् । उनी त्यस दिनको प्रदर्शनका कमान्डर तोकिएका थिए । प्रहरीकै बीचबाट फरार भएका प्रसाईंबारे अनेक आँकलन भइरहेका छन् । यी सबै आँकलन र दाबीबीच पीडितलाई न्याय दिलाउन र दोषी पहिचान गर्न सरकारले उच्च स्तरीय न्यायिक छानबिन आयोग गठन गर्न जरूरी छ । आयोगको सिफारिसबमोजिम सरकारले निर्णय लेओस् ।

# गणतन्त्रको जगमाथि प्रश्न

*गणतन्त्रले संस्थागत सुधार गर्न सकेन । प्रशासन यन्त्रलाई पंगु बनायो । राज्य संयन्त्रहरूलाई एकसरो खेतालो बनायो । बाह्य इसारामा धर्म-संस्कृतिमाथि नै हस्तक्षेप गरी समाज भाँड्ने काम गऱ्यो । न सुशासन दियो, न त सुशासनको अपेक्षा गर्न सक्ने बनायो...*

अग्रलेख



● अच्युतप्रसाद पौडेल 'चिन्तन'

*जसरी कमजोर संरचनाहरूलाई भूकम्पले खाइदिन्छ, लोकतन्त्र र गणतन्त्रको संरचना पनि त्यस्तै कमजोर छ । जनसेवारूपी स्तम्भ बलियो हुँदो हो भने यो यति धेरै हल्लिने थिएन...*

लाग्छ, गणतन्त्रको जग हल्लिएको छ, जसरी हाम्रा विकासका पूर्वाधार कच्ची भए, कमिसनका कारण त्यस्तै सुख र सुविधाका कारण लोकतन्त्र, संघीयता र गणतन्त्रको जग पनि कच्ची भएको छ ।

देशमा माटो छोप्ने नक्कली विकास देखाउने र भुँडी भर्ने प्रथाले जसरी प्रश्रय पायो, ठीक त्यस्तै अधुरा सपना बाँड्दै गर्दा नेतृत्वको ठगीपना जनताले याद पायो । विदेशीले 'फ्रड' भनेर झस्काइदिँदा नेपालीको आँखा खुलेको छ अहिले । जे-जति नारा दिए दलहरूले ती सबै सपनाका पुलिन्दा रहेछन् । १०३ वर्षको लामो जहानियाँ शासन भत्कने देशमा डेढ दशकको गणतन्त्र भत्कियो भने अन्यथा मान्नु हुन्न ।

पद र पैसाको लोभ गर्नेहरूले चलाएको देशमा अमनचयन भएन, जनताले सुख सुविधा पाएनन्, राज्यको सेवा प्रशासनमा सुशासनको झल्को पाइएन, अपराधी र कुकर्मीहरूलाई संरक्षण गर्ने काम धेरै भयो ।

भ्रष्टाचारको दलदलमा फसेको लोकतन्त्रको देशैभर धज्जी उडाइयो र त्यसको विकल्पमा सडकमा नारा, जुलुसहरू धमाधम निस्कन थालेका छन् । कतिले यही पक्षमा त कतिले यसका विरुद्धमा आँधीबेहरी ल्याउने भन्दै छन् ।

देशमा कत्ति पनि युवा नराख्ने गणतन्त्रले लाखौं रकम औषधि उपचार र घर भाडामा लिएको छ । भन्छ, लोकतन्त्र तर अध्यादेश पास गर्न आफ्ना कार्यकर्ताहरूलाई ह्वीप जारी गर्छ । निर्देशित लोकतन्त्रले आफ्नो कुरूप अनुहार देखाएको र यसलाई लोकतन्त्र नभनेर लोभतन्त्र भनिएको छ ।

आफ्नाबाहेक अरूको अनुहारै नदेख्ने गणतन्त्र देशका लागि भारी भएको छ र बिजुली मात्र आयात गर्दैन, यसले हरेक चाडपर्वका वस्तु मात्र आयात गर्दैन, यसले दैनिक खाद्यान्न पनि आयात नै गर्छ, त्यो पनि कोटा प्रणालीमा ।

घरखेत बाँझो राखेर युवाहरू खाडीमा बेच्ने लोकतन्त्रले खर्बौं रेमिटचान्स कमाउँछ र बिदेसिएकालाई लासमा घाटतिर ल्याउने गरेको छ ।

सडकमा यस्तो लोकतन्त्रप्रति निर्मम प्रहार भइरहेको छ । हरेक दशकमा सडक प्रदर्शनबाट राजनीतिक परिवर्तन गर्नुपर्ने विवशताले देश अस्थिर भएको छ । नेपाली जनता, तिनलाई खाने-लगाउने चासो छ । उद्योगधन्दा छैन र बेरोजगारीबाट प्रताडित छन् । ती र आधाआधी त गरिबीको रेखामुनि बाँच्न बाध्य पनि छन् ।

करको अतिमारमा परेका जनताले त्यसको प्रतिफल पाएका छैनन् । धारामा पानी आउँदैन, सडकमा हिँड्न सक्ने वातावरण छैन, धुवाँ, धूलो रोगग्रस्त जीवन बिताउन बाध्य छन्




आमनेपालीहरू ।

नेताहरू हिँडेर, गुडेर कतै यात्रा गर्दैनन्, उडेर यात्रा गर्दा सतहका समस्याहरू देख्दैनन् । पूर्वाधार, बाटाघाटाहरू कस्ता छन् भन्ने बिर्सिएका अवस्था छ । बालुवाटार, शीतल निवास, भैंसेपाटी र सिंहदरबार, बूढानीलकण्ठ अनि खुमलटार, बालकोटमा सीमित रहेको लोकतन्त्रले जनताको चिसो सिँढी नै देखेको छैन । उडेर आएको लोकतन्त्र र गणतन्त्र हिँड्न, गुड्न जान्दैन ।

जनताले सुखको सास फेर्न पाएका भए यति सारो आन्दोलनको आँधीबेहरी आउँदैनथ्यो । जनता मरेर आएको गणतन्त्रको जग वास्तवमै हल्लिइसकेको छ । गणतन्त्रले संस्थागत सुधार गर्न सकेन । प्रशासन यन्त्रलाई पंगु बनायो । राज्य संयन्त्रहरूलाई एकसरो खेतालो बनायो । बाह्य इसारामा धर्म-संस्कृतिमाथि नै हस्तक्षेप गरी समाज भाँड्ने काम गऱ्यो । न सुशासन दियो, न त सुशासनको अपेक्षा गर्न सक्ने बनायो ।

आज वैदिक सनातनीहरूको मुटुमै प्रहार हुनेगरी आयातीत धर्मको खोल ओडेर होली वाइन पिउनुपर्ने स्थिति कसरी आयो ? विदेशीको दास बन्न रुचाउने तर नेपालीको मालिक बन्न मन नपराउनेहरूका विरुद्ध सडकमा जेहाद छेडिएको अवस्था छ अहिले ।

इतिहासका विरासत बोकेको संस्थालाई कुनै स्पेस नदिई निषेधको राजनीति राणाहरूले पनि गरेका थिएनन् र आफ्नो गरिमा बचाउनैका लागि भए पनि अढाइ वर्षका दूधे बालकलाई खोजेर श्रीपेच लगाइदिएका थिए ।

सय वर्षसम्म खोपीमा राजालाई राखेका राणाहरूले आफ्नो समय सकिने बेलामा राजालाई ल्याएका थिए । अहिले जताततै 'राजा आऊ, देश बचाऊ' भनिँदै छ । देश भत्केको छ, गलेको छ, टुटेको छ, बिरामी छ, यसलाई त्राण दिन पनि अब सबैले मिलेर विद्यमान राजनीतिक संस्कारलाई बदल्नुपरेको छ । यो संस्कार रहुन्जेल नेपालीका आँखामा आँसु झर्न छाड्दैन ।

अहिले व्यापारघाटा उच्च तहमा छ । चरम ऋण बोकेर यति ठूलो र भद्दा संघीयता नेपालीले कसरी पाल्ने ? छिमेकीले अब्बल विकास गर्दै गर्दा २५ करोड जनसंख्या भएको भूगोलमा एउटा प्रदेश छ, यहाँ आधा जनता बाहिरिइसके, डेढ करोड पनि कम जनसंख्यामा यति ठूलो भद्दा संरचना र सधैं झगडामा मस्त रहनेहरूलाई पालिराख्नुपर्ने आवश्यकता छैन । यो सुशासन नै होइन, कुशासन हो, लुट हो ।

सबै आर्थिक चक्र उल्टो गतिमा छ र विदेशीले पनि अब पत्याउन गाह्रो छ । वैदेशिक लगानी कम भइसकेको छ । अनुदान पूरै घटिसकेको छ र दिइएको सहयोगका बारेमा पनि बाह्य शक्ति राष्ट्रले आगो ओकल्दै छ अहिले- नेपालीहरूको घैंटामा घाम पुग्नेगरी ।

जसरी कमजोर संरचनाहरूलाई भूकम्पले खाइदिन्छ, लोकतन्त्र र गणतन्त्रको संरचना पनि त्यस्तै कमजोर छ । जनसेवारूपी स्तम्भ बलियो हुँदो हो भने यो यति धेरै हल्लिने थिएन । तर, यसका संवाहकहरूको परिवारवाद, नातावाद, फरियावादकै कारण यसको जग हल्लिएको छ अहिले ।


सबैजसो नेपाली थाल ठटाएर सडकमा आए भने निषेधाज्ञाले कति दिन रहन सकिएला र ? सत्ताको दुरुपयोग गर्नेहरूलाई जनताले खबरदारी गरी नै रहने छन् ।

## इतिहासमा आज

१ अप्रिल १८५३ मा सिनसिनाटी पूर्ण समय पेसेवर अग्नि नियन्त्रकहरूलाई रोजगारी दिने पहिलो अमेरिकी शहर बनेको थियो ।



१ अप्रिल १८५७ मा लेखक हर्मन मेलभिलले द कन्फिडेन्स म्यान प्रकाशन गरेका थिए ।




१ अप्रिल १८७१ मा जर्मन साम्राज्यले नयाँ संविधान अपनाएको थियो ।



१ अप्रिल १९०० मा डच पत्रिका 'दि पिपुल'को पहिलो संस्करण प्रकाशन भएको थियो ।



# साइबर सुरक्षा : अवस्था र चुनौती

विचार



● अपूर्व नेपाल

*साइबर सुरक्षालाई सुदृढ पार्न सरकारले सूचना प्रविधि ऐनलाई अद्यावधिक गर्दै साइबर सुरक्षा विभागलाई थप सशक्त बनाउनुपर्ने देखिन्छ । बैंक तथा वित्तीय संस्थाहरूले आफ्नो साइबर डिफेन्स प्रणालीलाई सुधार गर्नुपर्ने आवश्यकता छ...*

नेपालमा इन्टरनेट र डिजिटल प्रविधिको प्रयोग तीव्र गतिमा बढ्दै गएको छ । बैंकिङ प्रणालीदेखि सरकारी निकायहरू, निजी व्यवसाय र सामाजिक संजालसम्म डिजिटल माध्यमहरूको निर्भरता व्यापक बनेको छ । प्रविधिको यो वृद्धिसँगै साइबर सुरक्षाको आवश्यकता झन् जटिल बन्दै गएको छ ।

नेपालमा साइबर सुरक्षासम्बन्धी कानुनी र प्राविधिक संरचना विकसित हुँदै आएको छ । सरकारको पहलमा साइबर सुरक्षा नीति, २०२१ लागू गरिए पनि यसको प्रभावकारी कार्यान्वयन चुनौतीपूर्ण देखिन्छ । साइबर अपराध न्यूनीकरणका लागि नेपाल प्रहरीको साइबर ब्युरो सक्रिय रहे पनि प्रविधिमा दिनहुँ देखिने नवीन खतरा तथा ह्याकिङ प्रवृत्तिहरूलाई नियन्त्रण गर्न अझ धेरै संसाधन आवश्यक देखिन्छ ।

नेपालमा हुने प्रमुख साइबर अपराधहरूमा बैंकिङ ह्याकिङ, डाटा चुहावट, फिसिङ, अनलाइन ठगी, सामाजिक संजालमार्फत मानसिक शोषण तथा सरकारी प्रणालीमा आक्रमणसमेत पर्छन् । केही वर्षयता विभिन्न बैंक तथा वित्तीय संस्थाहरू ह्याक हुनु, सरकारी वेबसाइटहरूमा आक्रमण हुनु र सर्वसाधारणलाई सामाजिक संजाल तथा इमेलमार्फत ठगी गरिनु जस्ता घटनाहरू देखिएका छन् । यस्ता घटनाहरूले साइबर सुरक्षाको कमजोरी औंल्याउँछन् ।

नेपाल सरकार र निजी क्षेत्रले साइबर सुरक्षालाई प्राथमिकतामा राख्न थालेका छन् । तर, दक्ष जनशक्तिको अभाव, प्रविधिमा सीमित लगानी र सर्वसाधारणमा डिजिटल सुरक्षाबारे न्यून चेतना हुँदा समस्या गहिरिँदै गएको छ । साइबर अपराध नियन्त्रणका लागि प्रभावकारी कानुन, अत्याधुनिक प्रविधि तथा सचेतनाका कार्यक्रमहरू आवश्यक छन् ।

साइबर सुरक्षालाई सुदृढ पार्न सरकारले सूचना प्रविधि ऐनलाई अद्यावधिक गर्दै, साइबर सुरक्षा विभागलाई थप सशक्त बनाउनुपर्ने देखिन्छ । बैंक तथा वित्तीय संस्थाहरूले आफ्नो साइबर डिफेन्स प्रणालीलाई सुधार गर्नुपर्ने आवश्यक छ । साथै, आमनागरिकले पनि व्यक्तिगत डेटा सुरक्षामा सचेत रहनुपर्ने हुन्छ ।

शैक्षिक संस्थाहरूले साइबर सुरक्षासम्बन्धी पाठ्यक्रमलाई प्रोत्साहन गर्नुपर्छ । नेपालमा आईटी क्षेत्रको विकास भइरहेकाले साइबर सुरक्षासम्बन्धी विशेषज्ञ उत्पादनमा जोड दिनु जरुरी छ । प्रविधिमा निर्भरता बढ्दै गएको वर्तमान समयमा साइबर सुरक्षालाई बलियो नबनाएमा ठूला आर्थिक र सामाजिक क्षतिहरू बेहोर्नुपर्ने हुन सक्छ ।

साइबर सुरक्षाको प्रभावकारी व्यवस्थापनका लागि सरकार, निजी क्षेत्र तथा सर्वसाधारणको सहकार्य आवश्यक छ । नीति निर्माणदेखि व्यावहारिक कार्यान्वयनसम्म सबै पक्षले समान रूपमा ध्यान नदिएमा साइबर अपराधको जोखिम झन् बढ्न सक्छ ।

नेपालमा डिजिटल भविष्य सुरक्षित राख्न साइबर सुरक्षामा लगानी आवश्यक छ किनभने प्रविधिको उपयोग सही तरिकाले नभएमा त्यसले देशकै आर्थिक तथा सामाजिक स्थायित्वमा नकारात्मक असर पुऱ्याउन सक्छ ।

नेपालमा साइबर सुरक्षाको आवश्यकता दिन प्रतिदिन बढ्दै गएको छ । डिजिटल युगमा प्रविधिको फाइदा उठाउनुका साथै सम्भावित जोखिमलाई न्यून गर्न प्रभावकारी रणनीति अपनाउनु अनिवार्य छ । साइबर अपराध नियन्त्रणका लागि सशक्त कानुनी व्यवस्था, अत्याधुनिक प्रविधिको प्रयोग तथा जनचेतनाको विस्तार आवश्यक छ ।

सरकार, निजी क्षेत्र र सर्वसाधारण सबैले मिलेर साइबर सुरक्षामा योगदान गर्नुपर्ने हुन्छ । बैंक तथा वित्तीय संस्थाहरूले आफ्ना सुरक्षा प्रणालीलाई बलियो बनाउनुका साथै व्यक्तिगत प्रयोगकर्ताहरूले पनि आफ्ना डिजिटल गतिविधिहरू सचेततापूर्वक संचालन गर्नुपर्छ ।


शिक्षा प्रणालीमा साइबर सुरक्षालाई प्राथमिकतामा राख्दै दक्ष जनशक्ति उत्पादनमा जोड दिनुपर्ने हुन्छ । प्रविधिमा निर्भर समाजमा डिजिटल सुरक्षा कमजोर भयो भने आर्थिक, सामाजिक र राष्ट्रिय सुरक्षामा गम्भीर प्रभाव पर्न सक्छ । त्यसैले, नेपालले साइबर सुरक्षालाई दीर्घकालीन रणनीतिक क्षेत्रका रूपमा विकास गर्नुपर्ने अपरिहार्य आवश्यकता छ ।

## सामाजिक सञ्जाल



**रञ्जित सी**

जलेको म, दलेको सरकार, मेरा सपनाहरू खरानी भए, तिनका महल झन् उज्यालिए, मेरो पसिना सुक्दै गयो, तिनका भोजहरू झन् मीठा भए, चोकचोकमा आश्वासनको धुवाँ, सडकभरि नाराको धुलो, म रोएँ, तिनले फूलमाला ओढे, न्याय खोज्दा लाठी भेटेँ, तिनले सिंहासन जोगाए !



**विश्वदीप**

आफू आन्दोलनमा नजाने, यता बसेर जानुपर्छ भन्ने, अत्मरतिमा रमाउने, जनता उक्साउने, लुटपाट गराउने, आगजनी गराउने अनि भन्ने राजा चाहियो ! जिन्दगीमा घरमा पनि यताको गिलास उता नगर्नेहरूले जनतालाई उफार्ने कलालाई मूर्तिवादी कला भनिन्छ । जसका लागि आन्दोलन, त्योचाहिँ मस्त घरमा अनि जनाताका छोरा-छोरी सडकमा, स्वाँठहरू !



**सूर्यराज आचार्य**

राजनीतिक नेतृत्व तहका आदरणीय नेताज्यूहरू, राजनीतिक संकट गहिरिँदै छ । समाज 'अनगभर्नेबल' बन्दै छ । सामाजिक संजालका ट्रेन्डिङ र मिडियाका 'रोमाञ्चकारी' तर गलत भाष्यहरूमा धेरै भर नपर्नुस् । नउत्ताउलिनुस् । यथास्थितिको निरन्तरतामा धेरै अनिश्चितता छन् । गम्भीर आत्मसमीक्षा/चिन्तन गर्नुस् ।



**नरेन्द्र रउले**

पत्रकारको सुरक्षा, बीमा र सामाजिक सुरक्षा कोषबारे कुनै सम्पादक, कुनै मिडियाले सम्पादकीय लेख्न सक्छ ? सोच्न सक्छ ? विषयको गम्भीरतालाई आत्मसात् गर्न सक्छ ? नेपालमा कुनै मिडिया छ ? नेपालमा मुटु भएको कोही सम्पादक छ ?

# कर्णाली नदीमा माछा संरक्षण क्षेत्र घोषणा गर्न सहमति

**सन्तोष पौडेल/मध्यान्ह**
बर्दिया, १८ चैत

बर्दिया र कैलालीका सरोकारवालाहरुले कर्णाली नदीमा माछा संरक्षण क्षेत्रको सम्भाव्यता, स्थानीय सरोकारवालाको भूमिका र समुदायमा आधारित संरक्षण रणनीतिका बारेमा छलफल गरेका छन् । 'कर्णाली नदीमा ओत संरक्षणका लागि नदीमा आश्रित समुदायको जीविकोपार्जन तथा अभिभावकत्वको सवलिकरण' परियोजनाको वार्षिक समिक्षा कार्यक्रममा यस विषयमा छलफल गरेका हुन् ।

उनीहरुले कर्णाली नदिको राजिपुर र सत्तीघाट पुलको करीव २ किलो मिटर क्षेत्रलाई माछा संरक्षण क्षेत्र घोषणा गर्ने सहमती जुटाएका छन् ।

माछा संरक्षण क्षेत्र अन्तर्गतका स्थानीय पालिकाहरुले नदीमा आश्रित समुदायहरुलाई मध्येनजर राखेर संरक्षणका नियमहरु बनाउने र संरक्षणका लागि कर्णाली



नदी तटीय क्षेत्रमा गठित नदी खण्ड व्यवस्थापन समितिलाई परिचालन गर्ने सहमती समेत जुटेको छ ।

टिकापुरको एक होटलमा भएको कार्यक्रममा उपस्थित कर्णाली तटीय क्षेत्रमा पर्ने पालिकाका प्रमुख तथा प्रतिनिधिहरुले छिट्टै स्थानीय तहले जलचर संरक्षण ऐन निर्माण गर्ने प्रतिबद्धता समेत जनाएका छन् । कार्यक्रममा परियोजना अन्तर्गत वर्षभरी भएका उपलब्धिहरुका साथै आगामी वर्षका रणनीतिहरुका बारेमा छलफल गरिएको थियो भने परियोजना अन्तर्गत गरिएको विभिन्न समुदायद्वारा गरिएको नदी खण्ड व्यवस्थापन, नदीमा आश्रित समुदायको जिविकोपार्जन तथा ओत संरक्षण र अनुसन्धानमा सामुदायिक संलग्नताबारे पनि स्थलगत निरीक्षण गरिएको थियो ।

कार्यक्रममा लुम्बिनी तथा सुदुरपश्चिम प्रदेशका प्रदेश स्तरीय विषयगत कार्यालयका प्रमुख तथा प्रतिनिधि, परियोजना सञ्चालित पालिका तथा वडाका प्रमुख तथा प्रतिनिधि, स्थानीय समुदाय, संरक्षणकर्मी, सरकारी तथा गैरसरकारी संस्था तथा संचारकर्मीहरुको सहभागिता रहेको थियो ।

नेपाल सरकार तथा डब्लुडब्लुएफ नेपालको समन्वयमा बेलायत सरकार अन्तर्गत डार्विन इन्सिएटिभको आर्थिक सहयोगमा सोनाहा विकास समाज, मुक्त कमैया महिला विकास मञ्च, डल्फिन संरक्षण केन्द्र, साना स्तनधारी संरक्षण तथा अनुसन्धान केन्द्रद्वारा सञ्चालित परियोजना बर्दियाको गेरुवा गाउँपालिका र राजापुर नगरपालिका तथा कैलालीको टिकापुर र लम्की चुहा नगरपालिका एवं जानकी गाउँपालिकाको कर्णाली नदी तटीय क्षेत्रका समुदायहरुमा विगत २ वर्ष देखि सञ्चालित छ ।

# गणतन्त्रको पक्षमा रौतहटमा एमालेको मोटरसाइकल ¥याली

**सत्येन्द्रप्रताप सिंह/मध्यान्ह**
रौतहट, १८ चैत

गणतन्त्रको पक्षमा नेकपा एमाले रौतहटले विशाल मोटरसाइकल ¥यालीसहित प्रदर्शन गरेको छ। सोमबार एमाले रौतहटले जिल्लाको मध्यभाग गरुडामा रहेको राम सुगर मिलको प्राङ्गणदेखि गौरसम्म २१ किलोमिटर लामो दूरीको मोटरसाइकल ¥याली प्रदर्शन गरेको हो । सदरमुकाम गौरको परिक्रमा गर्दै घण्टा घरमा कोण सभा गरिएको थियो ।

उक्त सभालाई एमालेका केन्द्रीय सदस्य तथा जिल्ला इन्चार्ज अजय गुप्तासहित जिल्ला



अध्यक्ष सचिदानन्द साहले सम्बोधन गरेका थिए ।

केन्द्रीय सदस्य गुप्ताले विभिन्न षड्यन्त्र गरी केही अराजक तत्वले जनतालाई भ्रमित गर्न खोजी रहेको बताए । हजारौं जनताले आफ्नो बलिदानी दिएर ल्याएको गणतन्त्रलाई समाप्त गर्न खोजिरहेको उनको आरोप छ। यो षड्यन्त्र कदापी स्वीकार्य नहुने उनले बताए ।

राष्ट्रवादीहरुले चैत १५ गरेका दिन काठमाडौंको तीनकुनेमा आन्दोलनको नाममा खुलेयाम लुटपाट, तोडफोड र सूचना प्रवाह गर्ने देशको चौथो अंगको रुपमा रहेको पत्रकारको हत्या जस्तो हर्कत गरेकाले दोषीलाई कानूनको घेरामा ल्याउन उनले मांग समेत गरे। मोटरसाइकल ¥यालीमा नेता कार्यकर्ताको उल्लेख्य उपस्थिति रहेको थियो ।


**भूल सुधार**

मिति २०८१/१२/१८ गते मध्यान्ह दैनिकमा प्रकाशित कम्पनीको नामः **EMIRATES RAIN INSULATION & PLASTER CONT** र **L.T. No.: 321303,** चलानी नं.: **६०२३५४५३, पूर्व स्वीकृत मितिः २०८१/१२/१७ गतेको** विज्ञापनमा यूएईमा रोजगारको अवसर र कामदारको मासिक तलब AED हुनुपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ।

**Metta International Pvt. Ltd.**
श्रम इजाजत नं. ५३०/०६१/०६२
सिनामंगल टावर, सिनामंगल चोक, काठमाडौं, फोनः ४११११२६९, ४११११२६७ Fax.: 4112978
Mobile: 9848697395, Email- mettaint5@gmail.com,info@mettaint.com Web.: www.mettaint.com

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६६/११/१० मा दर्ता भएको **प्रा.लि.नं. ७०७२९** को **कुमारी अर्नामेण्ट एण्ड ह्याण्डिक्राफ्ट ट्रेडर्स प्रा.लि.**को मिति २०८१/१२/१८ को विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्वीडेटरः श्रवण कुमार श्रेष्ठ, इ.प. नं. ४०४**
**त्रिपुरेश्वर, काठमाडौं, मो.: ९८५१२१७००४**

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मितिः २०८१/१२/१९**

**बोन्ड बिज्नेश कन्सल्टस प्रा.लि.** को २०८१/०८/१२ गते सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **नेशनल ट्रेनिङ्ग सेन्टर प्रा.लि. (प्रा.लि. नं.: १३१३१३)** कायम गर्ने गरी मिति २०८१/०८/१७ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मितिः २०८१/१२/१९**

**के.बि. फर्मा प्रा.लि.** को २०८१/११/२५ गते सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **फार्माक्लिनिक्स मेडिकल एण्ड डेण्टल सेन्टर प्रा.लि. (प्रा.लि. नं.: २८४१९६)** कायम गर्ने गरी मिति २०८१/१२/०४ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**बैदेशिक रोजगार विभागको**

**सार्वजनिक सूचना**

**सूचना प्रकाशित मिति : २०८१/१२/१९**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न ईजाजत प्राप्त तपसिल बमोजिमका श्री **TILICHO OVERSEAS PVT. LTD.** (ई.प.नं. १२३४/०७४/७५) को सञ्चालक शेयरधनीले आफ्नो नाममा कायम रहेको शेयरहरु दा.खा. नामसारी गरी पाउन कम्पनी रजिष्ट्रारको कार्यालयका नाममा सहमतिको सिफारिश गरिदिन यस विभागमा निवेदन दिएको हुँदा माग बमोजिम शेयर हक हस्तान्तरण तथा नामसारीको सहमति दिंदा कोही कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सवुद प्रमाण सहित **वैदेशिक रोजगार विभाग**मा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। अन्यथा माग बमोजिम शेयर नामसारीको लागि सहमति भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ।

**तपसिल**

| साविक शेयरधनीको नाम/शेयर संख्या | अव कायम हुने शेयरधनीहरुको नाम/शेयर संख्या |
|---|---|
| १. श्री विनोद बहादुर थापा (०१ - ३००००) | १. श्री विनोद कुमार साह (०१ - ३००००) |

**अनुसूची–१५**
**(दफा ३३ को उपदफा (२) सँग सम्बन्धित)**

**काठ र दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना**

**प्रथम पटक सूचना प्रकाशन मिति २०८१/१२/१९**

कल्याणकोट सामुदायिक वन उपभोक्ता समूह, शिवराज न.पा.-०९, कपिलवस्तुको वन क्षेत्रबाट नियमानुसार आ.व.२०८०/०८१ मा संकलन गरी उत्पादन भएका काठ सा.व.उ.स.को घाटगद्दीमा लट बनाई राखिएको अस्ना, बाँझी र साल जातको गोलिया थान १९३ को १४७६.२६ क्यु.फि. काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। रितपुगेका। इच्छुक वन पैदावारमा आधारित (काठ/दाउरा) संचालनमा रहेका उद्योगहरुले मात्र यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन सम्ममा बोलपत्र खरिद गरि २२औं दिनभित्रमा सिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ। पूर्ण ब्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ।

**श्री कल्याणकोट सामुदायिक वन उपभोक्ता समूह, शिवराज न.पा -०९, कपिलवस्तु**

**नेपाल सरकार**
**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**
**सडक विभाग**
**संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय**
**सडक डिभिजन भक्तपुर**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मितिः २०८१/१२/१९**

यस डिभिजनको मिति २०८१/११/०४ गते प्रकाशित सूचना अनुसार देहायका बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) र दफा ४७ अनुसार सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| S. No | Contract No. | Successful Bidder | Bid Amount NRs. (Inc. VAT & PS) |
|---|---|---|---|
| 1 | DROBKT/337310113/081/082/61 | Dream Builders, Kavre | 2145701.50 |
| 2 | DROBKT/337011694/081/082/62 | Bikash Nirman Sewa, Chautara | 4829014.97 |
| 3 | DROBKT/337011384/081/082/63 | Ruby Pearl International Pvt. Ltd. Kathmandu | 10394518.12 |
| 4 | DROBKT/337011384/081/082/64 | Ruby Pearl International Pvt. Ltd. Kathmandu | 10839831.02 |
| 5 | DROBKT/337011384/081/082/65 | Ruby Pearl International Pvt. Ltd. Kathmandu | 10334230.49 |
| 6 | DROBKT/337011384/081/082/66 | Ruby Pearl International Pvt. Ltd. Kathmandu | 11024654.72 |

**डिभिजन प्रमुख**

**धनगढी उप–महानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**धनगढी, कैलाली**
**सुदूरपश्चिमम प्रदेश, नेपाल**

**ग्लो साइन बोर्डबाट बिज्ञापन गर्ने कार्यको ठेक्का सम्बन्धी सिलबन्दि बोलपत्र आव्हानको सूचना**

**सातौ पटक प्रकाशित मितिः २०८१/१२/१९**

यस धनगढी उपमहानगरपालिका देहायका सडकहरूमा रहेका विद्युत पोलहरूमा (Smart Street Light) ग्लो साइन बोर्डबाट विज्ञापन गर्नका लागि सम्झौता भएको अवधि देखी दुई (२) वर्ष सम्मका लागी लागि यस उपमहानगरपालिकाबाट तोकिएको दररेटमा ग्लो साइन बोर्ड लगाउन चाहने ईच्छुक फर्म वा कम्पनीहरूको जानकारीको लागि सूचनामा उल्लेखित शर्तहरूको अधिनमा रहने गरी ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। साथै यो सूचनाको बिस्तृत विवरण धनगढी उपमहानगरपालिकाको वेभसाईट www.dhangadhimun.gov.np बाट समेत हेर्न सकिनेछ।

**Invitation for Bids**
**Saipal Rural Municipality**
**Office of Rural Municipality Executive**
**Kanda, Bajhang, Sudurpaschim Province, Nepal**

**Invitation for Bids No.: NCB/SRM/05/2081-082**

**Date of Publication: 01-04-2025 00:00**

1. Saipal Rural Municipality invites sealed bids or electronic bids from Nepalese eligible bidders for the construction of Aalu Cold store and Jadibuti Parsodhan Kendra Building Construction work under National Competitive Bidding procedures. The estimated amount for the works is Rs. (in NRS) 6595099.05 (Exclusive of VAT and Contingencies)
2. Eligible Bidders may obtain further information and inspect the bidding document at the office of Saipal Rural Municipality, Kanda, Bajhang, Sudoor Pachism Province, Nepal or may visit PPMO website www. bolpatra.gov.np/egp.
3. Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp, Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

| | | |
|---|---|---|
| **Name of the Bank** | : | **Everest Bank Ltd.** |
| **Name of Office** | : | **Saipal Rural Municipality** |
| **Office Code no** | : | **80770501300** |
| **Office Account no** | : | **12400106200000** |
| **Rajaswa (revenue) Shirshak no.** | : | |

4. Pre-bid meeting shall be held at Saipal Rural Municipality, Kanda, Bajhang at 24-04-2025 13:00 hours.
5. Sealed or electronic bids must be submitted to the office Saipal Rural Municipality, Kanda, Bajhang, Sudoor Pachism Province, Nepalby hand/courier or through PPMO website www.bolpatra.gov.np/egp on or before 02-05- 2025 12:00. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 02-05-2025 14:00 at the office of Saipal Rural Municipality, Kanda, Bajhang. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs. 185000.0, which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. Evaluation and Qualification Criteria:

**Government of Sudur Pashchim Province**
**Ministry of Social Development**
**Health Directorate**
**Rajpur, Doti, Nepal**

**Invitation for Electronic Bids**

**First Date of Publication: 2081/12/19 (01 April 2025)**

1. The Health Directorate, Rajpur, Doti invites electronic bids from eligible bidders for listed below in the table under Sealed Quotation Bidding (SQ) procedures specified in the Public Procurment Act (PPA) 2063 and Public Procurement Regulation (PPR) 2064.

| S. N. | IFB No. | Description ofGoods | Bid Document Fee (NRs) | Bid Security (NRs) | Bid Security Validity Period | Source of Fund |
|---|---|---|---|---|---|---|
| 1 | SPHD/G/SQ-03-2081/82 | Procurement and supply of Equipment for establishment of Blood Bank in Bayalpata Hospital. | 1,000/- | 87,500/- | 01 July 2025 | Provincial |
| 2 | SPHD/G/SQ-04-2081/82 | Procurement and Supply of Liquid Based Cytology (6 Slide) | 1,000/- | 1,00,000/- | 01 July 2025 | Provincial |

2. Bidding documents are available on online and can be downloaded from e-GP system: **https://bolpatra.gov.np/egp.**
3. Interested bidders shall register in the e-GP system and deposit the cost of bidding document in the following bank:

| | |
|---|---|
| **Name of the Bank**: Rastriya Banijya Bank, Doti | |
| **Name of the Office**: Health Directorate, Rajpur, Doti | |
| **Office Code No.** : 3500271017 | **Revenue Head No.** : 14229 |
| **Account No.** : 1000100200010000 | **Name of Account**: Pradesh Lekha Ekai Karyalaya, Doti |

4. The bid schedule is as follows: (Venue : Health Directorate, Rajpur, Doti)

| | Bid Submission Deadline | Bid Opening |
|---|---|---|
| Date and Time | 2082/01/03 (16 April 2025) 12.00 Hours (Online Only) | 2082/01/03 (16 April 2025) 13.00 Hours |

5. The bid is single slice package and bidder must bid all items in a single package, only the total items quoted will be considered as the bid amount.
6. For more detail and further information bidders may contact the office of Health Directorate, Rajpur, Doti, Telephone 094-440120 and email address: ***phdnseven@gmail.com*** or may visit PPMO e-GP system ***www.bolpatra.gov.np/egp.***

**Acting Director**

# रोमान्टिक विपीन र उपासना



**काठमाडौं/मस-** चलचित्र 'कर्मा'को गीत सार्वजनिक भएको छ । सुशान्त केसीको युटच्युब च्यानलबाट 'कर्मा'को गीत सार्वजनिक गरिएको हो । 'पागल' बोलको प्रेमिल गीतमा लोकप्रिय गायक सुशान्त केसीको स्वर छ । गीतमा शब्द तथा संगीत पनि गायक केसीकै छ ।

विपीन कार्कीले उपासनासिंह ठकुरीलाई देख्नेबित्तिकै मायामा पागल बनेको क्षणलाई गीतले पक्रेको छ । गीतको शब्द तथा लय सुशान्त केसीको आफ्नै फ्लेबरमा छ, जसका कारण युवा पुस्ताले यो गीत मनपराउनेमा चलचित्रको निर्माण पक्ष ढुक्क छ । एकले अर्काको आँखामा देखेको प्रेमको गहिराइलाई सुशान्तले गीतमा उतारेका छन् ।

फेसबुक सर्ट तथा रिल्समा राखेको छोटो क्लिप नै दर्शकले औधी मनपराएका थिए । अहिलेको युवापुस्ताले रुचाउने खालको गीत उनले तयार पारेका छन् ।

चलचित्रमा सुशान्तले गाएको यो पहिलो गीत हो । यसअघि थुप्रै चलचित्रबाट अफर आए पनि सुशान्तले सिनेमाका लागि गीत गाएका थिएनन् । कलेक्सन एल्बममा उनी गीत गाउँदैनन् ।

सुशान्तले 'सिनेमाको पहिलो गीत, नयाँ अनुभव चैतमा छिट्टै हलमा' भन्दै सामाजिक संजालमा यसअघि नै लेखेका थिए । गीतको भिडियोमा चलचित्रका मुख्य कलाकार फिचर्ड छन् । विपीन र उपासनाले भिडियोमा अभिनय गरेका छन् । एकअर्काप्रति गरेको माया गीत र भिडियोमा देख्न सकिन्छ ।

सिनेमाको फुटेज भिडियोमा प्रयोग गरिएको छ । सिनेमाका कलाकारको जति नै सुशान्त पनि भिडियोमा फिचर्ड छन् । नयाँ वर्ष २०८२ सालको छेको पारेर चलचित्र 'कर्मा' आगामी २९ चैतमा रिलिज हुँदै छ । नेपाल र विदेशमा यो चलचित्र एकसाथ रिलिज हुँदै छ ।

चलचित्र 'कर्मा'मा विपीन र उपासनासँगै मुकुन भुसाल, दिव्यदेव, सरिता गिरी, बेन बस्नेत, सुज्यान सिलवाल, अनिल बुढाथोकी, निर्मल शर्मालगायतको अभिनय छ ।

'कर्मा' ड्रामा, सस्पेन्स र एक्सन जनरामा निर्माण भएको छ । सिनेमाको कथा निर्देशक चौधरी आफैंले लेखेका छन् ।

'कर्मा'को अन्तर्राष्ट्रिय प्रदर्शन विक्रीको अधिकार सेभेन सिज सिनेमाले लिएको छ ।

चलचित्रमा भाष्कर स्वाँरको संगीत निर्देशन, कविराज गहतराजको कोरियोग्राफी, श्री श्रेष्ठको द्वन्द्व निर्देशन र निमेष श्रेष्ठको सम्पादन छ ।

तारानाथ न्यौपाने मुख्य सहायक निर्देशक रहेको सिनेमामा समीर मियाको भीएफएक्स, उत्तम न्यौपानेको ब्याकग्राउन्ड स्कोर, शाहिल खानको टिजर-ट्रेलर, विजय बस्यालको पब्लिसिटी डिजाइन र राजेन्द्र मोक्तान कलरिस्ट छन् ।

# हमालको 'नरसिंहा अवतार' ९ जेठमा




**काठमाडौं/मस-** अभिनेता राजेश हमालले ८ वर्षपछि फिल्ममा पुनरागमन गर्न लागेको फिल्म 'नरसिंहा अवतार'को नयाँ प्रदर्शन मिति तय भएको छ । फिल्म अब आगामी ९ जेठमा रिलिज हुने छ ।

सोमबार फर्स्ट लुक पोस्टर सार्वजनिक गर्दै प्रदर्शन मिति घोषणा गरिएको हो । यसअघि फिल्मलाई २९ चैतमा प्रदर्शन गर्ने तयारीमा निर्माण टिम थियो । प्रदर्शन मितिसहित हमाल र अर्का अभिनेता राज कटुवालको क्यारेक्टर लुक्ससहितको पोस्टर सार्वजनिक गरिएको छ ।

पोस्टरमा दुवै जनालाई एक्सन अवतारमा देखाइएको छ । बदला र सामाजिक कथावस्तुमा निर्माण भएको यो फिल्मबाट हमालले ८ वर्षपछि कमब्याक गर्न लागेका हुन् । छायांकनको क्रममा बाहिरिएका तस्बिर तथा भिडियोबाट उनी फिल्ममा प्रहरीको भूमिकामा रहेको यसअघि नै खुलिसकेको छ ।

फिल्ममा हमालसहित सरोज खनाल, राज कटुवाल, नीति शाह, सनिषा भट्टराई, उषा खड्गी, अर्जुन श्रेष्ठ, प्रशान्त ताम्राकार, नीर शाह, रमेश चन्द सोडारी, प्रकाश कुँवर, राजिवजंग बस्नेत, दीपा शाही, अमित गिरी, एभेलिना खड्कालगायतको अभिनय छ ।

# भ्रष्टाचार र बेथितिविरुद्ध लक्ष्मणको 'चमक चमक चम'



**काठमाडौं/मस-** युवा संगीतकार लक्ष्मण पोखरेलको नयाँ गीत 'चमक चमक चम' सार्वजनिक भएको छ । आफ्नै शब्द, संगीत र स्वरमा संगीतकार पोखरेलले उक्त गीत सार्वजनिक गरेका हुन् ।

सामाजिक तथा राजनीतिक बेथितिका विषयमा सरल शब्द र भावमा पोखरेलले 'चमक चमक चम' दर्शक श्रोताहरूमाझ ल्याएका हुन् । पहिलो पटक आफैं गायकका रूपमा गीत गाएका पोखरेल अहिलेका व्यस्त संगीतकारमा पर्छन् ।

एलपी म्युजिक क्रियसन युटचुब च्यानलबाट सार्वजनिक गरिएको 'चमक चमक चम'मा मनोज चौंलागाईंको संगीत संयोजन, राजेश श्रेष्ठको रेकर्डिङ, किशोर थापाको ध्वनि सम्पादन छ ।

ओमप्रकाश वस्तीको छायांकन, सम्पादन र निर्देशन रहेको 'चमक चमक चम' आमनेपाली दर्शक, श्रोताहरूले रुचाउनेमा संगीतकार पोखरेल आशावादी छन् ।

MANJUSHREE FINANCE LIMITED
मञ्जुश्री फाईनान्स लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्रप्राप्त संस्था)

ॐ कार विल्डिङ्ग (दोस्रो तल्ला) नयाँ बानेश्वर, काठमाण्डौं
फोन नं.: ०१-४७९२५१७, ४७९३१८५-१२०
फ्याक्स : ९७७-१-४७८२५१७
Website: www.manjushreefinance.com
Email: info@ manjushreefinance.com.np

## धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीका लागि गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको ०७ दिने सार्वजनिक सूचना

**प्रकाशित मिति: २०८१/१२/१९**

यस वित्तिय संस्थाको नेपालगञ्ज शाखा कार्यालयबाट तपसिल बमोजिमको चल-अचल सम्पत्ति धितो राखि, कर्जा लिने तपाई ऋणीले यस संस्थालाई समय समयमा तिर्न बुझाउनु पर्ने साँवा ब्याज लगायतका वित्तिय संस्थाको लेना रकम नबुझाई कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लघंन गर्नु भएको र पटक पटक मौखिक, लिखित, फोन तथा SMS मार्फत तर-ताकेता गर्दा समेत कर्जाको साँवा ब्याज लगायतका रकम चुक्ता भुक्तानी नगर्नु भएकोले यस अघि राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने र १५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त कर्जा चुक्ता पनि नभएको र धितो सकार गर्न कुनैपनि आवश्यक शिलबन्दी बोलपत्र नपरेको हुँदा उपरोक्त सम्पूर्ण ऋण कर्जामा धितोमा रहेका तपसिलमा उल्लेखित चल अचल सम्पत्ति लिलामका लागि यो सूचना प्रकाशित गरिएको छ । अतः धितो सुरक्षणमा रहेका तपसिलमा उल्लेखित चल-अचल सम्पत्ति हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा निज ऋणीले यस वित्तिय संस्थालाई लेखिदिएको लिखत, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ तथा प्रचलित ऐन कानुन बमोजिम लिलाम विक्री गरी निज ऋणीबाट धनी वित्तिय संस्थाले असूल गर्न बाँकी रहेको लेना रकम असुल उपर गर्नुपर्ने भएको हुँदा उक्त धितो सुरक्षणमा रहेको चल-अचल सम्पत्ति हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा सकार गरी लिन इच्छुक महानुभावहरुबाट यो सूचना प्रकाशित भएको मितिले ०७ (सात) दिन भित्र कार्यालय समय भित्र आई पुग्ने गरि निम्न शर्तहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ । प्राप्त बोलपत्रहरु यस वित्तिय संस्थाको केन्द्रिय कार्यालय नयाँ बानेश्वरमा ०८ औं दिन वा सो दिन विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन दिउँसो ४:३० बजे खोलिने हुँदा उक्त दिन सम्बन्धित बोलपत्रदाता वा आधिकारिक प्रतिनिधि तथा सम्बन्धित ऋणी तथा जमानीकर्तालाई उपस्थित हुन समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ । तर सम्बन्धित बोलपत्रदाता वा आधिकारिक प्रतिनिधि, सम्बन्धित ऋणी तथा व्यक्तिगत जमानी कर्ताको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्ने छैन । लिलामी कारवाही प्रकृया यस वित्तिय संस्थाको कर्जा निति अनुसार अगाडी बढाईनेछ । साथै शिलबन्दी बोलपत्रको म्यादभित्र सम्बन्धित ऋणी तथा सरोकारवालाले सम्पूर्ण बाँकी बक्यौता कर्जा चुक्ता भुक्तान गरेमा भने बोलपत्र स्वतः रद्द हुनेछ ।

**तपसिल**

| ऋणीको विवरण | व्यक्तिगत जमानी दिनेको विवरण |
|---|---|
| **ऋणीको नाम : श्री अर्जुन सार्की**<br>बाबु : लालबीरे सार्की<br>बाजे : खम्म सार्की<br>ना.प्र.नं. : ६०३०११/५०<br>जारी मिति : २०६३/११/१४, जि.प्र.का. : जुम्ला<br>ठेगानाः जुम्ला जिल्ला तलिपुर गा.वि.स. वडा नं. ०४ ।<br>हाल : बाँके जिल्ला, खजुरा गा.पा. वडा नं. ०६ ।<br>**कर्जाको प्रकार : सवारी कर्जा** | **व्यक्तिगत जमानिकर्ता : बसन्त ऐडी**<br>बाबु : गोर्ख बहादुर ऐडी<br>बाजे : राम बहादुर ऐडी<br>ना.प्र.नं. : ६०१००१ /४२१<br>जारी मिति : २०६५/११/१३, जि.प्र.का. : जुम्ला<br>ठेगाना : जुम्ला जिल्ला गोठीचौर गा.वि.स/उ.म.न.पा. वडा नं. ०२, को परिवर्तित गोठीचौर गा.पा. वडा नं. ०१ ।<br>हाल : बाँके जिल्ला, नेपालगंज उ.म.न.पा. वडा नं.०२ । |
| **धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरण :** | |
| सवारी धनि मञ्जुश्री फाइनान्स लिमिटेड ऋणि अर्जुन सार्की जनिइ यातायात व्ययस्था कार्यालय बाँके नेपालगञ्जमा दर्ता रहेको TVS कम्पनिको इन्जिन नं. AK4KK4803852, च्यासिस नं. MD6M14PA2K4K03805 र **दर्ता नं. भे १ ह ५३८५** रहेको १ थान सवारी । | |

**शर्तहरू:**

१. बोलपत्र फाराम यस वित्तिय संस्थाको केन्द्रिय कार्यालय नयाँ बानेश्वरबाट तथा शाखा कार्यालयहरुबाट रु. १००।- तिरी खरिद गर्न सकिनेछ । फोटोकपी गरिएको फाराम मान्य हुने छैन ।

२. प्राप्त बोलपत्र फाराममा कुनै प्राविधिक तथा अन्य समस्या देखिएमा यस वित्तिय संस्थाको निर्णय अन्तिम हुनेछ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम हुन नसकेमा उक्त सम्पतिको स्वामित्व वित्तिय संस्थाले लिन सक्ने छ ।

३. गोप्य शिलबन्दी फाराम यो सूचना प्रकाशित भएको मितिले ०७ औं दिन (सो दिन विदा परेमा त्यस लगतै कार्यालय खुलेको दिन) वित्तिय संस्थाको केन्द्रिय कार्यालय नयाँ बानेश्वरमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ । प्राप्त बोलपत्रहरु यस वित्तिय संस्थाको केन्द्रिय कार्यालय नयाँ बानेश्वरमा उपरोक्त बमोजिम प्राप्त भएको अन्तिम मितिको भोलिपल्ट वा सो दिन बिदा परेमा त्यस लगतै कार्यालय खुलेको दिन खोलिनेछ ।

४. यस सम्बन्धमा अन्य कुनै कुरा बुझ्नु परेमा वित्तिय संस्थाको केन्द्रिय कार्यालय नयाँ बानेश्वरमा सम्पर्क राख्न सकिने छ । लिलाम बिक्री सम्बन्धी विस्तृत शर्तहरु बोलपत्र आवेदन फारममा उल्लेख गरिनेछ ।

**लिलामीका लागि शिलबन्दी बोलपत्र खोलिने स्थानः मञ्जुश्री फाईनान्स लिमिटेड, केन्द्रिय कार्यालय, नयाँ बानेश्वर**
**समय : दिउँसो ४:३० बजे, मितिः २०८१/१२/२६ गते**


## यूएईमा रोजगार

कम्पनी: ALSARH RECRUITMENT SOLE PROPRIETORSHIP L.L.C — शहर: UAE
पूर्व स्वीकृत मिति : २०८१/१२/१८ — चलानी नं.: ६०२३५५१२ — LT. No.: 321307

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Worker/Labour | 200 | 0 | स. काममा दक्ष | 800 | २९,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत २६ गते (8 April 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामको विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Suhara Foreign Employment Agency Pvt. Ltd.
Kathmandu, Nepal | Tel: 01-015920725
Email: info@suharaemployment.com | Web: www.suharaemployment.com
Govt.Lic.No. 1680/080/081

## कतारमा रोजगार

कम्पनी: LION TRADING AND CONTRACTING WLL — शहर: DOHA
पूर्व स्वीकृत मिति: २०८१/१२/१७ — चलानी नं.: ६०२३५४८५ — LT. No.: 321421

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३७,४४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Building Worker/mason | 1 | 0 | | 1200 | ४४,९२८ | | | | | | | |
| 3. | Plaster Worker (Mason) | 1 | 0 | | 1200 | ४४,९२८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत २६ गते (8 April 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामको विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Paragon H.R. Management Pvt. Ltd.
Dhumbarahi-4, Kathmandu, Mob.: 9813000522, Tel:-5901247
E-mail : paragonhrmanagement@gmail.com, Web.: www.paragonhrgroup.com
Govt.Lic.No. 1519/074/075

## कतारमा रोजगार

कम्पनी: UNITED SECURITY SERVICES CO. — शहर: DOHA
पूर्व स्वीकृत मिति: २०८१/१२/०८ — चलानी नं.: ६०२३५५०७ — LT. No.: 320836

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards | 10 | 3 | स. काममा दक्ष | 1500 | ५६,१६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत २६ गते (8 April 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामको विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

पुकार इन्टरनेशनल रिक्रुटमेन्ट प्रा. लि.
टोखा न.पा.-११, महादेवटार, सामाखुसी, काठमाडौं,
फोन: ४९८८७५४, ४९८८७५५, E-mail : info.pukaragency@gmail.com
श्रम इजाजत पत्र नं.: ७८३/०६५/०६६

## साउदीमा रोजगार

कम्पनी : MUHAMMAD NASSER AL- DHEEB SONS COMPANY FOR TRANSPORT — शहर : RIYADH
पूर्व स्वीकृत मिति: २०८१/१२/१७ — चलानी नं.: ६०२३५४९५ — L.T. No.:321312

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | GCC Heavy Drivers | 2 | 0 | स. काममा दक्ष | 1800 | ६५,४८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत २६ गते (8 April 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामको विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

पुमोरी ओभरसिज प्रा. लि.
गौरी मार्ग, गैरी गाउँ -९, काठमाडौं । फोनः ४११६८८५/४११६८८६
info@pumorioverseas.com, www.pumorioverseas.com
श्रम इजाजत नं. ७६५/०६५/०६६


Karnali Province Government
Ministry of Social Development
## Education Development Directorate
Birendranagar, Surkhet, Nepal

## INVITATION FOR BIDS (IFB)

**Notice No: 07/081-082**
**First date of publication: - April-01-2025 (2081/12/19)**

1. EDD, Surkhet invites following electronic bid from eligible Nepalese Bidders under National Competitive Bidding.
2. The details of the project is as follows:

| S. N. | Contract No. | Description of Work | Total Estimated Amount (Without VAT) | Bid Security Amount (Nrs) and Validity | Bid Document Fee (Nrs) | Bid Validity/ Bid Bond Validity Period | Last Date of Bid Submission |
|---|---|---|---|---|---|---|---|
| 1 | EDD/SKT/W/ NCB/24/081-082 | Construction Boundary Wall On Parbhat Secondary Schoool Birendranagar MP-02 Koldada , Surkhet | NRS 4168868.58 | NRS 125000.00 | NRS 3000 | 90 days/120 days from last date of bid submission | May-2-2025 until 12:00 noon |
| 2 | EDD/SKT/W/ NCB/25/081-082 | Field & Retaining Wall Construction On Shree Samudayik Secondarya School Bheriganga MP-02 Sanimor, Surkhet | NRS 4212009.70 | NRS 125000.00 | NRS 3000 | 90 days/120 days from last date of bid submission | May-2-2025 until 12:00 noon |

3. Eligible Bidders may obtain further information from PPMO'swebsite www.bolpatra.gov.np/egp.

Director


## बहराइन र यूएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी: MANASALU MANAGEMENT OF REAL ESTATE — शहर : BAHRAIN
पूर्व स्वीकृत मिति: २०८१/०८/२५ — चलानी नं.: ६०२२९६२० — LT. No.: 315167 — पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब BD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Accountants | 1 | 1 | सम्बन्धित काममा दक्ष | 150 | ५४२९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Beautician | 0 | 10 | | 150 | ५४२९५ | | | | | | | |
| 3. | Cleaner | 0 | 20 | | 120 | ४३४३६ | | | | | | | |
| 4. | Data Entries | 5 | 0 | | 150 | ५४२९५ | | | | | | | |
| 5. | Receptionist | 0 | 1 | | 130 | ४७०५६ | | | | | | | |
| 6. | Sales Men | 5 | 5 | | 130 | ४७०५६ | | | | | | | |

कम्पनी: DUAA AL KHAIR BUILDING MAINTENANCE SPS LLC — शहर : AJMAN
पूर्व स्वीकृत मिति: २०८१/१२/१८ — चलानी नं.: ६०२३५४८७ — LT. No.: 321310

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter Shuttering Steel Fixer | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1350 | ५०१५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | General Helpers | 5 | 0 | | 1100 | ४०८६५ | | | | | | | |
| 3. | Masion | 5 | 0 | | 1350 | ५०१५२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत २६ गते (8 April 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

